तारापुञ्ज

फाँचलसङ्ग्रह

फाँचलकारहरु:

जीतेन्द्र श्रेष्ठ "रसिक"

दीपेन्द्र श्रेष्ठ "उदास"

फइन्द्र तामाङ "अखिल"

बद्रिबहादुर तामाङ "संगम"

तारापुञ्ज

प्रकाशक : फाँचलमण्डली

सर्वाधिकार : फाँचलमण्डली

संस्करण : प्रथम, २०६५

प्रति : ५०१

फाँचल सूत्रपात : जीतेन्द्र श्रेष्ठ 'रसिक'

फाँचलकारहरू : १) जीतेन्द्र श्रेष्ठ 'रसिक'
२) दीपेन्द्र श्रेष्ठ 'उदास'
३) बद्रिबहादुर तामाङ 'सङ्गम'
४) फइन्द्र तामाङ 'अखिल'

आवरण : अमित घिमिरे

कम्प्युटर : प्रभात श्रेष्ठ
सेवा कम्प्युटर सेन्टर, फोनः ०११-६९०१५७
email: sewacomputer@gmail.com

मुद्रण : सेवा अफसेट प्रेस, चौतारा

ISBN : 978-9937-2-1128-4

सहयोग : रू. ५०।- (साधारण)
रू. १००।- (संस्थागत)

फाँचल लेखन सम्बन्धी जानकारी

"फाँचल" अर्थात एउटा फराकिलो चलायमान स्वतन्त्र विधा जुन गायन र पाठ्य दुबै योग्य छ । फाँचल विभिन्न मूल प्रवृत्तिहरू मिलेर वनेका छन् । ति हुन् -

क) फाँको,

ख) फेत,

ग) विथि,

घ) उँजाई

ङ) पुच्छ,

च) उठानचुली,

छ) जडानकुशल,

ज) पुञ्ज, महापुञ्ज

क) फाँको:-फाँको फाँचलको मुटु हो । फाँको विना फाँचलको कल्पना गर्न सम्म पनि सकिँदैन । जसरी मुटु विनाको मानव कल्पना गर्न सकिन्न ।

ख) फेत:-फेत फाँचलको प्रपुख आसन हो । जस्ले फाँचल लेखनमा उठानचुली र जडान कुशललाई पुर्णता दिने काम गर्दछ ।

ग) विथि:-हरेक फाँचलका दुई हरफको एक पातोलाई विथि भनिन्छ ।

घ) उँजाई:- फाँचलको पहिलो विथिलाई उँजाई भनिन्छ ।

ङ) पुच्छ:-उँजाईपछि क्रमशः आउने विथिहरूलाई पुच्छ भनिन्छ ।

च) उठानचुली:-हरेक विथिको पहिलो हरफलाई उठानचुली भनिन्छ । उठानचुलीले विषयबस्तु र सन्दर्भ उठान गर्ने कार्य गर्दछ ।

छ) जडानकुशल:-हरेक विथिको दोस्रो हरफलाई जडानकुशल भनिन्छ । जडानकुशलले उठानचुलीले उठान गरेका शन्दर्भ र उत्सुकतालाई जोद्ने र निभाउने काम गर्दछ ।

ज) पुञ्ज:-हरेक फाँचलको एकाईलाई पुञ्ज भनिन्छ ।

झ) महापुञ्ज:-फाँचलमा विभिन्न विषयबस्तुहरू विथि क्रम नटुटाईकन लम्ब्याएर लेखिने सिङ्गो फाँचलको एक एकाईलाई फाँचल महापुञ्ज भनिन्छ ।

यि त भए फाँचलका मुल प्रवृतिहरू ।

निम्न समायोजनमा फाँचल निर्माण हुन्छ ।

समायोजन

फाँको	फेत	विथि	कैफियत
भए / गए	हुन्थ्यो बरू	१	उँजाई
छरि / परि	दिन्थे	२	पुच्छ
आउँथ्यो / छाउँथ्यो	मजा बेग्लै	३	पच्छ
आउँथे / गाउँथे	होलाकोही	४	पुच्छ
सजाएर / बजाएर	कोही	५	पुच्छ
फूल / बुल	भैं	६	पुच्छ

माथिका समायोजन पृष्ठ ९ को फाँचलबाट

फाँचलका आवश्यक तत्वहरू:



फाँचल लेखनका नियमहरू:

१. हर फाँचलमा आउने दुई हरफलाई विथि भनिन्छ ।

२. हरेक विथिको पहिलो हरफलाई उठानचुली र दोस्रो हरफलाई जडानकुशल भनिन्छ । उठानचुलीले विषयवस्तु सम्बन्धी सन्दर्भ उठान गर्ने र जडानकुशलले उठानचुलीले उठाएको सन्दर्भले मागेको भाव कुशल तरिकाले जोड्नु हो ।

३. पहिलो विथिलाई उँजाई भनिन्छ । जस्ले फाँचल गायनमा प्रमुखभुमिका निर्वाह गर्दछ । फाँचल गायनमा उँजाइले गायनलाई उजिल्याउँदै श्रोता वा दर्शकहरूलाई आकर्षण गर्ने काम गर्दछ ।

४. पहिलो विथि पछि क्रमशःपछि आउने विथिहरूलाई पुच्छ पनि भनिन्छ । हर विथि र पुच्छमा फाँको र फेतको चमत्कारीपुर्ण ढंगले प्रयोग गर्नु पर्दछ । कुनै अबस्थामा भने फेत लोप र फाँको को ससक्त प्रयोग गर्न सकिन्छ ।

५. फाँचल गायन र पठन दुबै योग्य भए पनि गेयात्मक हुन जरूर छ ।

६. फाँको फाँचलको मुटु हो भने फेत आसन हो ।

७. कुनै अवस्थामा फाँचलको फाँकोसँग फेत पनि जोडेर आउँदछ । जस्तैः सानीमा, पानीमा, सानी र पानी फाँको अन्तर्गत पर्दछ मा फेत अन्तर्गत पर्दछ । तर यसरी आएका फाँकोहरूलाई फेत लोपको रूपमा लिइन्छ ।

८. फाँचल छन्दमा पनि लेख्न सकिन्छ तर स्वतन्त्रता प्रदानताको हिसावले कुनै छन्द नियमले बाँधिनु नै पर्छ भन्ने अनिवार्य छैन ।

९. फाँचल चार विथि भन्दा कमको गणना उचित हुँदैन । चार विथि पछि भने जति विथि पनि लम्ब्याउन सकिन्छ ।

१०. सिङ्गो फाँचल एउटा पुन्ज हो । गणनागर्दा फाँचलको १ पुन्ज, २ पुन्ज क्रमस गरिन्छ ।

११. फाँचल स्वतन्त्र विधा भएकोले जुनसुकै वस्तुलाई लिएर सृजना गर्न सकिन्छ ।

१२. फाँचलको विथि क्रम नटुटाइकन लम्ब्याएर सारा विषयबस्तुहरू समेटेर फाँचल महाँपुन्ज पनि निर्माण गर्न सकिन्छ ।

१३. उँजाइको अर्थात पहिलो विथिमा फाँको र फेत प्रयोग हुँदा दोस्रो विथिमा फेत लोप तेस्रोमा पुनःफाँको फेत चौथोमा फेत लोप गरि क्रमस एक-एक विथिको अन्तरमा फाँचल लेखनलाई चमत्कारिता दिन सकिन्छ ।

१४. हलन्त लागेको वर्ण, आधा वर्ण र ई इ उ ऊ जस्ता अक्षरांसको नियमपालना अनुसार प्रयोग गर्न सकिन्छ । जस्लाई कुनै अवस्थामा गणना गरिन्छ भने कुनै अवस्थामा गणना गरिदैन ।

१५. गायनको हकमा फाँचल गाउँदा एक-एक विथिको अन्तरमा उँजाई दोहोऱ्याउन अनिवार्य छ ।

१६. फाँचलको शिर्षक मान्य छैन ।

जितेन्द्र श्रेष्ठ 'रसिक'

फाँचल सप्ततारा‍का पहिलो यात्रा

तारापुञ्ज फाँचलसङ्ग्रह



जितेन्द्र श्रेष्ठ रसिकको संयोजनमा यदुनाथ वसन्तपुरे, बद्रिबहादुर तामाङ, दिपेन्द्र श्रेष्ठ उदास, दिपेस एकल (आचार्य), फईन्द्र तामाङ र थरेन्द्र मिश्र गरी सात जनाको समूहको सक्रियतामा तारापुञ्ज नामक फाँचलसँगालो प्रस्तुत भएको छ । यसलाई फाँचल यात्राको शुरूवात भनी घोषणा पनि गरिएको छ । गजलमाजस्तै छुट्टै नियम बनाउन खोजिएको छ तर सिर्जनात्मक प्रस्तुति उही गजलका गैरबहर र नेपाली लोकलयका सवाई लयमै आएका भेटिन्छन् । यदुजीले कतै कतै शास्त्रीय छन्दलाई पक्रन खोजेको भेटिन्छ । नयाँ शैलीका कवितात्मक प्रस्तुति छन् । जेहोस् सात कविहरूको यो प्रयास अत्यन्त सराहनीय एवम् प्रशंसनीय छ ।

नेपाली साहित्यमा एउटा अर्को आयामको शुरूवात ? अवश्य पनि हुनेछ । साधना मेहनतबाट नयाँ सिद्धान्तको आविष्कार गर्न सकिन्छ । जितेन्द्र श्रेष्ठ रसिकले फाँचल भनी कवितामा नयाँ सूत्र बनाउने कुरो उप्काएका छन् । मोतीराम भट्टले उर्दूबाट आएको गजललाई नेपालीपनमा ढाले । गजलका नियमहरू पहिलै बनिसकेका थिए । भट्टले नियम नयाँ बनाएका होइनन् । बुझ्ने भाषामा लेखेका हुन् । मोती मण्डली बनाए, आफूलाई साथ दिने साथीहरूको । गजल लेखनको शुरूवात गरे नेपाली भाषामा । संस्कृतबाट आएको पिङ्गलसूत्रमै लेखिएका फारसी गजल, त्यही मिठासलाई नेपालीमा ल्याएर मोतीरामले नयाँ क्रान्ति गरेका हुन् भनिएको होइन, मोतीमण्डली बनाएर नेपाली साहित्यको विकास गरिएको मात्र हो । मोतीरामले लेखेका सबै गजलहरू पिङ्गलसूत्रकै संस्कृत छन्दका हुन्, नयाँ आयाम होइन । नेपाली गजल लेख्ने क्रममा पछि आएर बहरबाट गैरबहर हुन थालेको हो । कारण, छन्दका बहर लेख्न अलिकति अप्ठ्यारो मान्नेहरूले नेपाली लोकलयमा बहरहरू बनाउन थाले । अझ स्वतन्त्र रूपले अगाडि आउन थाले । जितेन्द्रजीको संयोजनमा आएको यस संग्रहका सात कविहरूका सिर्जनाहरू नयाँ नियमबद्धका नयाँ शैलीमा आएका छन् । जस्तैः

जितेन्द्र श्रेष्ठ रसिक

"फाँचल"(गीतिविधा) यो विधा स्वतन्त्र र केही नियमभित्र बाँधिएर लेखिने विधा हो । यसलाई फुल्न र फलाउन हर साहित्यकार तथा स्रस्टाहरू र साहित्यिक अनुरागीहरूले नेपाली भूमिबाट सुरूवात भएको फाँचल विधालाई राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रसम्म विस्तार गर्न आ-आफुले सक्ने योगदान पुऱ्याउन नेपाली मन नेपाली मुटुले लागिपर्ने छ भन्ने विश्वास लिएको छु ।

जिन्दगानी फुल जस्तो भए हुन्थ्यो बरू
फूल जस्तै फक्रिएर गए हून्थ्यो बरू
(नेपाली लोकलय सवाई)

देश दुखे तिमी हामी सबै दुख्नुपर्छ
एकै साथ गन्तव्यमा सबै पुग्नु पर्छ
(नेपाली लोकलय सवाई)

यदुनाथ बसन्तपुरे

म मुर्दा बनेसी तिमी गाँस छाड्छौ
म जल्न थाल्दछु तिमी आस छाड्छौ

दिपेन्द्र श्रेष्ठ

फाँचल विधाको पहिलो कृति यो
बसेछ अन्जानमै मायाँ प्रीति यो

बद्रिबहादुर तामाङ्ग

साहित्यको इतिहासमा एउटा उत्तरआधुनिक हतियार (postmodern weapon) हो, फाँचल विधा । फाँचलको प्रहारवाट हामीले हरेक समाजमा विद्यमान सकुनीका दृष्चक्रहरूलाई तोड्ने यात्राको सुरूवात गरेका छौं ।

मान्छेहरूको भिडवाट अनायासै हराएँ म
आफ्नो नाकमा आफै छोइ किन आज कराएँ म

दिपेस एकल (आचार्य)

विश्व सारा जगमगाई लेखिरहुन फाँचल अब
इतिहाँस डगमगाई लेखिरहुन फाँचल अब

फईन्द्र तामाङ्ग

कठैं ! त्यो भोकै मरेको
अर्कोले मस्ती गरेको

कोही दासी, कोही ठालु जिन्दगी
जस्तो पनि ठीकै, आलु जिन्दगी

थरेन्द्र मिश्र

जिन्दगी यो मेरो हार हो कि जीत हो
थाहा छैन मौ न सजायँ कि रीत हो

आज नि यस्तामा सीमा मिचियो रे, साथी
चन्द्र सूर्य झण्डा पनि थिचियो रे, साथी

फाँचल अर्थात् फराकिलो सिर्जनाको शुरूवात गर्न यस संग्रहका संयोजक जितेन्द्रजीले समस्त साहित्यिक जमातलाई आव्हान गरेका छन् । कविताविधाअन्तर्गत गीत, गजल, हाइकु, ताङ्का, सेदोका भनेजस्तै उनले फाँचलको कल्पना गरेका हुन् । यसमा नयाँ सिद्धान्त, सूत्रको आवश्यक पर्दछ र उनले केही नियमहरू पनि बनाएका छन् तर सो नियमसम्बद्ध सिर्जनालेचाहिँ पूर्णता पाइसकेको अवस्था देखिदैन । प्रस्तुत फाँचल समूहका सप्तरथीहरूबाट सिर्जिएका सिर्जनामा गेयात्मकता छ । गीतिलयमा संरचना भएकाले कवितामा मिठास, आनन्दानुभूति, भाव कल्पना छन् । यी सप्तरथीबाट शुरूवात भएको फाँचल यात्राले नेपाली वाङ्मयमा मात्र नभई विश्वका धेरै भाषामा प्रभाव पार्न सकोस् । यही शुभकामनासहित-

चन्द्रप्रसाद न्यौपाने
nepalipoetchandra@gmail.com
23 December 2008

विश्वास

दुई साहित्य अनुरागी भाइहरू जीतेन्द्र रसिक र दीपेन्द्र उदासले साहित्य साधनालाई साझा चिन्तन बनाएर यस क्षेत्रमा अहोरात्र खटेका छन् । घरको भूगोल स्याउले गाविस र कर्मथलो नवलपुर (बाँडेगाउँ) लाई बनाउन पुगेका दुई अनुज गजल विधाका राम्रै पारखी हुन् । आफ्नो पेशाबाट अतिरिक्त समय निकालेर एकै रफ्तारमा एउटै साधनामा दाजुभाइ जुट्नु उदाहरणीय कार्य हो ।

साहित्यलाई असाध्यै माया गर्ने यी दुई अनुजले साहित्यिक पत्रिका सिन्धु दर्पणलाई पनि निरन्तरता दिँदै आएका छन् । जुन ठाउँमा उभिएर नवोदित स्रष्टाले आफ्नो सृजनालाई सार्वजनिक गरी आफ्नो पहिचान उभ्याउन सकेका छन्/सक्नेछन्, त्यस्तो प्रशंसनीय कार्यका जसदारहरूको लाममा रसिक र उदासलाई समग्र सिन्धु साहित्यले कदर गर्नेछ ।

प्रस्तुत सङ्ग्रह फाँचल जसलाई 'तारापुञ्ज' नाम दिइएको छ । यो सिन्धुको साहित्यिक इतिहासमा बिल्कुलै नयाँ विधाको, नयाँ प्रयासको थालनी पनि भएको छ । संयुक्त रूपमा ७ जनाको यस कृतिले परअस्तित्व स्विकार, साझा चिन्तनको पकटताको सुरूवातको आह्वानका रूपमा पनि बुझ्न सकिन्छ । मलाई थाहा लागेसम्म सिन्धु साहित्यमा फाँचलसङ्ग्रह पहिलो पटक पुस्तकाकार रूपमा यो 'तारापुञ्ज' नै हो । साहित्यको वाटिकामा नवीनतम् प्राप्ति र साझा प्रयत्नका कारणले पनि यसले अर्थ राख्नेछ भने यस विधामा रूचिकरहरूलाई मार्गसमेत प्रशस्त गर्नेछ भन्ने मेरो विश्वास छ ।

अन्तमा यस कृतिका कृतिकार यदुनाथ वसन्तपुरे, जीतेन्द्र श्रेष्ठ रसिक, दीपेन्द्र श्रेष्ठ उदास, बद्रिबहादुर तामाङ, दिपेश एकल आचार्य, फइन्द्र तामाङ र थरेन्द्र मिश्रलाई यो सत्प्रयासका लागि हार्दिक धन्यवाद । सफलताको शुभकामना ।

- **अमित घिमिरे**
सिन्धु साहित्य अभिलेखालय, सिन्धुपाल्चोक
email: amurtaamit@gmail.com

लेखक परिचय

जीतेन्द्र श्रेष्ठ

साहित्यिक नाम : रसिक
जन्म : २०३८ भाद्र
पिता : जगलाल श्रेष्ठ
माता : रमादेवी श्रेष्ठ
शिक्षा : स्नातक
ठेगाना : स्याउलेबजार-६, सिन्धुपाल्चोक
प्रकाशित कृतिहरू : हृदयस्पर्शी छालहरू (गलसङ्ग्रह २०६४)
: सिग्माको अल्कापुरी (उपन्यास) -प्रकाशनतयारी
: तारापुञ्ज (संयुक्त फाँचलसङ्ग्रह, तपाईंको हातमा)
प्रकाशोन्मुख कृतिहरू: सांगीतिक झङ्कारहरू (गीतसङ्ग्रह)
: म वहिष्कारवादी (कवितासङ्ग्रह)
: वहरकुण्ड (वहर गजलसङ्ग्रह)
: लज्जावती (उपन्यास)
: अत्तर फूलभित्र (गजलसङ्ग्रह)
: यौवनका फूलहरू (गजलसङ्ग्रह)
: गन्तव्य अवरोध (हाइकुसङ्ग्रह)
: 'नुग स्याना व' (नेवारी गजलसङ्ग्रह)
: अन्धोयुग र चस्मा (निबन्धसङ्ग्रह)
संलग्नता : ग्रामीण युवा समाज क्लब (उपाध्यक्ष, २०५७)
: द रेयूकाई नेपाल (सक्रिय सदस्य, २०५८)
: मध्यान्ह दैनिक (काठमाडौं संवाददाता, २०६०)
: एभरेष्ट मिरर (काठमाडौं संवाददाता, २०६०)
: नेपाल पत्रकार महासंघ (साधारण सदस्य, २०६१)
: प्रत्युण इन्टरटेन्ट मासिक (प्र.सम्पादक, काठमाडौं, २०६०)
: नेपाल आदिवासी पत्रकार संघ (सा. सदस्य, ललितपुर, २०६२)
: अविरल साहित्य समाज (आजीवन सदस्य, सिन्धुपाल्चोक, २०६४)
: सिन्धु संगम साहित्य समाज (संस्थापक अध्यक्ष, नवलपुर, २०६४)
: सिन्धु दर्पण साहित्यिक मासिक (प्रकाशक/सम्पादक, २०६४)
: फाँचलमण्डली (संस्थापक अध्यक्ष, २०६५)
सम्प्रति : स्वतन्त्र पत्रकारिता

फाँचल सन्दर्भ

सधै-सधै औडाहा चल्थ्यो मनभरि, के हामी नेपाली केहि गर्न सक्दैनौ ? के सधै पाश्चात्य, पुर्विय र अन्य साहित्यको पुच्छर समाएर मात्र दौडिरहने ? के नेपाली साहित्य भुमीबाटै एउटा नौलो केहि गर्न सक्दैनौ ? करिब आधा दशक अघि "च्याट फ्रेन्ड" डोना लरेष्ट, जो इन्डोनेसियाली साथी थिइन् । उनि त्यहिंकै एउटा 'युनिभर्सिटी'मा साहित्य सम्बन्धी नै अध्यन गरिरहेकी थिइन् । उनको र मेरो अन्लाइन् भेटघाटमा प्रायजसो साहित्य र राष्ट्रियता बारे कुराकानी हुने गर्थ्यौ । उनले मलाई सधै झकझकाउँथिन् । एउटा त्यस्तो नयाँ कार्य गर जुन विश्वमा पहिलो होस । आफुले जाने देखि साहित्यमा एउटा नौलो आयाम थप्न कम्मर कस्दै S.L.C. पश्चात भाषा साहित्य र पत्रकारिता अध्यनको लागि काठमाण्डौ हानिएको म, मनको अगेनामा बसालेको दानी बोकेर, पत्रकारिता र साहित्यको एउटा सङ्गमस्थलको रूपमा रत्नराज्यलक्ष्मी (मानविकी क्याम्पस)मा अध्यन गर्दै काठमाण्डौ कै विभिन्न पत्रपत्रिकामा पत्रकारिता पेसा आवलम्वन गर्दै दिनहरू बित्दै गए । काठमाण्डौको बसाई भरि साहित्य साधनामा समय खर्चियो । क्याम्पस-क्याम्पसमा हुने साहित्यिक प्रतियोगिता, काठमाण्डौ स्थित विभिन्न साहित्य समाजहरू जस मध्य अभिनब साहित्य समाज र सामाखुसी साहित्य समाजको गहिरो प्रभाव छ मसँग । करिब एक दर्जनको हाराहारीमा गीत, गजल, हाइकु, कविता र उपन्यासका पाण्डुलिपी पुस्तकहरू सुरक्षित छन् म सँग । तर, प्रकाशनको हिसावले मेरा सृजनाहरूलाई मैले न्याय दिन सकेको छैन । यि सवै सृजनाका ठेल्लीहरू कैद गरी धेरै बर्ष अघि देखि साहित्य क्षेत्रमा एउटा नयाँ विधा थपिदिने मेरो दृढता सपना आज ताजा बिपनामा परिणत गर्ने अवशर फाँचल मण्डलीले जुराइदिएको छ । जुन नव विधा बर्षौ अघि सुत्रपात गरी गर्भ मै ठुन्क्याइराखेको थिएँ । जस्लाई जन्माउन सफल भएका छौं । जुन नव विधा हो, "फाँचल"(गीतिविधा) यो विधा स्वतन्त्र र केहि नियम भित्र बाँधिएर लेखिने विधा हो । यस्लाई फुल्न र फलाउन हर साहित्यकार तथा स्रस्ताहरू र साहित्यिक अनुरागिकहरूले गमन गरि नेपाली भूमिबाट सुरूवात भएको फाँचल विधालाई राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रसम्म विस्तार गर्न आ-आफुले सक्ने योगदान पुऱ्याउन नेपाली मन नेपाली मुटुले लागि पर्ने छ भन्ने विश्वास लिएको छु ।

अन्तिममा, फाँचल लेखन सम्बन्धि जानकारी लिएर सङ्ग्रह प्रकाशन गर्न कम्मर कस्नु भएका स्रस्ता तथा साहित्यकार दाजु यदुनाथ बसन्तपुरे, मित्र फइन्द्र तामाङ, दिपेश आचार्य, बद्रिबहादुर तामाङ, थरेन्द्र मिश्र, भाइ दिपेन्द्र श्रेष्ठ "उदास" र शुभकामना मन्तब्य लेखी आजीवन ऋणी बनाउनु हुने दाजु कवि चन्द्र प्र. न्यौपाने र फाँचल कृतिको नाम सँग अर्मुत कला पोखेर शुभेच्छासँगै आवरण सजाइदिनु भएका दाजु अमित घिमिरेप्रति फाँचल विधा र म स्वयं सदा-सदाको लागि ऋणी बनेको छु ।

जीतेन्द्र श्रेष्ठ रसिक
स्याउलेबजार-६, सिन्धुपाल्चोक (सम्पर्क: ९७४११७०६८१/९८०३३५३२८५)

पुञ्ज-१

जिन्दगानी फुल जस्तो भए हुन्थ्यो बरू
फूल जस्तै फक्रिएर गए हुन्थ्यो बरू

बनेर सुवाषिनी सुवाष छरि दिन्थें
बसन्तको हरियाली पाउ परि दिन्थें

भँवराले चुम्दा अधर आउँथ्यो मजा वेग्लै
स्पर्शमा फूल केसा छाउँथ्यो मजा वेग्लै

लोभिंदै प्यासि बनि आउँथे होला कोहि
मेरै गीत रमाई गाउँथे होला कोहि

मन्दिरमा फुल थुँङ्गा सजाएर कोहि
रम्थे होलान् पञ्चेबाजा बजाएर कोहि

पारिजात शिरिष कहिं वुकि फुल भैं
फुल्न पाए रम्थें म चरि वुलवुल भैं

जिन्दगानी फुल जस्तो भए हुन्थ्यो बरू
फूल जस्तै फक्रिएर गए हून्थ्यो बरू

पुञ्ज-४

मर्नुपरे देशकै लागि मर्नुपर्छ साथी
आजै देखी एउटा प्रण गर्नुपर्छ साथी

अभागीले कहाँ पाउन् नेपालजस्तो देश
फुलेका छन् फलेका छन् बहुभाषा र भेष

झल ल ल सगरमाथा घाम हाँस्दा खेरी
सोभायमान देश छ मयुर नाच्दा खेरी

स्वर्ग जस्तै सुन्दर देशका हामी हौं माली
बन्नु हुन्न अब कोहि देशको लागि जाली

मर्नुपरे देशकै लागि मर्नुपर्छ साथी
आजै देखी एउटा प्रण गर्नुपर्छ साथी

पुञ्ज-५

तिमी तारा थियौ जुन भएर आएछौ
तिमी चाँदि थियौ सुन भएर आएछौ

दुनियाँ यो आकास गगन जग्मगाउ
तेज खिचि सारा जगत यो डग्मगाउ

जे जयकार मनाईरहुँला म तिम्रै
सारा जगत शूभ कहुँला म तिम्रै

संसार भरि हल्लि र खल्लि गरूँला म
बस्ति बस्ति चेतनाको प्याला भरूँला म

तिमी खोल्सा थियौ खोला भएर आएछौ
अन्याय विरूद्व गोला भएर आएछौ

तमी तारा थियौ जुन भएर आएछौ
तिमी चाँदि थियौ सुन भएर आएछौ

पुञ्ज-६

देश दुखे तिमी हामी सबै दुख्नुपर्छ
एकै साथ गन्तब्यमा सबै पुग्नु पर्छ

राष्ट्रघाती वैरीलाई आँक्नु पर्छ सधैं
शान्त राष्ट्र समृद्धिमा हाँक्नु पर्छ सधै

ज्यानै अवि साँच्नुपर्छ सुन्दर देश यो
बहु भाषा संस्कृती र सयौं छ भेष यो

हिमाल पहाड तराई हाम्रो नेपाल
विश्वसामु फैलिएको यो राम्रो नेपाल

सगरमाथा मुसुक्क हाँस्दा सबै दङ्ग
छाती भित्र देश हाम्ले टाँस्दा सबै दङ्ग

देश दुखे तिमी हामी सबै दुख्नुपर्छ
एकै साथ गन्तब्यमा सबै पुग्नु पर्छ

(सिन्धुदर्पण साहित्यिक द्वैमासिक वर्ष २ अंक १ मा प्रकाशित)

पुञ्ज-७

एक अञ्जुली तिम्रो मायाँ सर्वत हो की पानी
पिउँदा पिउँदै विते हुन्थ्यो सारा जिन्दगानी

हल्का हल्का मात लागोस पिउँदा तिम्रो मायाँ
दुःख पिडा सारा भागोस सिउँदा तिम्रो मायाँ

जोडि ढुकुर बकैनामा आफ्नै गीत गाउँदा
हामी दुई चौतारीमा प्रितको लागि धाउँदा

हाँस्थ्यो जुन तारा पनि हाम्रो जोडि देखेपछि
खुसी हुन्थ्यो भन्नै तिमी मैले चिठ्ठि लेखेपछि

सितको थोपा तिम्लाई छोई टप्प भुँई झर्दा
लाग्थ्यो जीवन कति सुन्दर तिम्ले मनहर्दा

एक अञ्जुली तिम्रो मायाँ सर्वत हो की पानी
पिउँदा पिउँदै विते हुन्थ्यो सारा जिन्दगानी

(व्याआस मासिक वर्ष ७ अंक ४ मा प्रकाशित)

पुञ्ज-८

मस्त निन्द्रा वाट उठौ लौ अब हाम्रै पालो छ
घुर्‌यान जुठ्‌यान नियाल त्याहाँ खुन आलो छ

नयाँ नेपाल बनायौ भन्छन् खै म उस्तै देख्छु
सारा काम काज हेरें तर गति सुस्तै देख्छु

बलिदान यो नेपालीको खेर नजाओस् फेरी
बिचलन र संकेत हजार नआओस् फेरी

कामना छ नेपालका सत्ताधारी होस गर्नु
शान्त राष्ट्र स्वतन्त्रता लौ फूल अत्तर छर्नु

कुल्च्यौ भने जनचाहाना श्राप लाग्छ तिम्लाई
राष्ट्र प्रति घात गरे लौ पाप लाग्छ तिम्लाई

मस्त निन्द्रा वाट उठौ लौ अब हाम्रै पालो छ
घुर्‌यान जुठ्‌यान नियाल त्याहाँ खुन आलो छ

(सिन्धुप्रवाह साप्ताहिक वर्ष ६ अंक २८ २०६५ मा प्रकाशित)

पुञ्ज-९

सधैं तिमी मेरो हात माग्छौ किन ?
मायाँ गर्छु भन्दै रात माग्छौ किन ?

आँखा सन्काई मलाई डाक्छौ पनि
तिम्रो छेउ पुग्दा पर भाग्छौ पनि

तिर्खाएको वटुवाझै प्यासी तिमी
नबन्नु लौ पिरतीको दासी तिमी

छल हो कि बल हो यो भन सानु
कहाँ ढुङ्गा हो र मेरो मन सानु

जोख्दैछौ किन मलाई पलपल
नसा दियौ पिरतिको ढलपल

सधैं तिमी मेरो हात माग्छौ किन ?
मायाँ गर्छु भन्दै रात माग्छौ किन ?

पुञ्ज-१0

म रगत दिन्छु लौ सिंचाई गर बाँच्नेहरू
देशलाई मायाँ गरि छाती माथी टाँस्नेहरू

छलछाम गर्नेको खैरात छैन अब हेर
बाँढ दलेर सिमानामा मरेका सब हेर

कति घात गरे गरे राज्य हाँक्ने शाषकले
आफनै सन्तानको छाती गोली ताक्ने शाषकले

उठ जाग युवा हो मसाल बोकि चेतनाको
हुन्न चुप बसि लौ पाइला रोकि चेतनाको

आवाज देउ तिमी म बोली गालौला आगो भै
कु शाषकका कुरीती फत्ते पारौला आगो भै

म रगत दिन्छु तिमी सिचाई गर बाँच्नेहरू
देशलाई मायाँ गरि छाती माथी टाँस्नेहरू

लेखक परिचय

दीपेन्द्र श्रेष्ठ 'उदास'

नाम : दिपेन्द्र श्रेष्ठ 'उदास'
जन्म : २०४० फाल्गुन १४गते
पिता : श्री जगलाल श्रेष्ठ
माता : श्रीमती रमादेवी श्रेष्ठ
जन्मस्थान : स्याउले बजार-६, सि.पा.
शिक्षा : प्रमाणपत्र तह
प्रकाशित कृति : राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा विभिन्न लेख रचनाहरू प्रकाशित
कृति : हृदयस्पर्शी छालहरू (संयुक्त गजलसङ्ग्रह) २०६४,
तारापुञ्ज (संयुक्त फाँचलसङ्ग्रह) तपाईंकै हातमा

प्रकाशोन्मुख कृतिहरू :

गजलसागर (गजलसङ्ग्रह)
मन्थन (कवितासङ्ग्रह)
सुश्रव्य (गीतिसङ्ग्रह)
गुञ्जन (बहर, गजलसङ्ग्रह)
सञ्जीवनी (हाइकूसङ्ग्रह)

योगदान :

कोशिष मासिक साहित्यिक पत्रिका चितवन (प्रतिनिधी) २०५९,
मध्यान्ह दैनिक काठमाण्डौ (सम्वाददाता) २०६०,
एभरेष्ट मिरर मासिक काठमाण्डौ (सम्वाददाता) २०६१,
सिन्धु सन्देश साप्ताहिक चौतारा (सम्बाददाता)२०६४,
सिन्धुदर्पण दैमासिक सम्पादक/प्रकाशक२०६४,
नेपाल पत्रकार महाँसंघ काठमाण्डौ सा.सदस्य २०६४,
सिन्धु संगम साहित्य समाज संस्थापक कोषाध्यक्ष २०६४,
फाँचलमण्डली कोषाध्यक्ष, २०६५
सम्प्रति : स्वतन्त्र पत्रकार

नवविधा हो फाँचल

समय निरन्तर छ, वगिरहन्छ सधैं-सधैं, तर समय संगै हामी मानवहरू बहन सकेनौं भने कहिले पछारिन्छ त कहिले लछारिन्छ, कहिले किनारामा लतारिन्छ, कहिले भुमरीमा परिन्छ । हो, यस्तै-यस्तै नियती भोग्नु पर्छ हामी मानवहरूले, यस्तै क्षतविक्षत समयहरू संग बहदै बैचारिक काइदा उठाउन सक्यौ भने पक्कै पनि नविन साहित्य सिर्जना हुन पुग्छ । यिनै साहित्य भित्रको नव विधा हो फाँचल, भर्खरै जन्मेको यो फाँचल विधा बर्षौ सम्म भ्रुण बनी गर्भ मै सिमित रह्यो तर त्यतिखेर सम्म हामी टुलुटुलु हेर्न वाहेक अरू केहि गर्न सकेनौ एक बाट दुई हुदै अहिले हामी सात पुग्यौ अनि संग्रहमा समाहित भयौं र सम्पूर्ण राष्ट्रिय, अन्तराष्ट्रिय लेखकिय स्रष्टाहरूमा फाँचल विधाको स्वाद चखाउनकै निमीत्त भएपनि हामी लागिपरेका छौं ।

लेखनीकै कुरोगर्नुपर्दा झण्डै एक दशकको हारहारीमा गजल, कविता, गीत, हाईकु र छन्द गजल गरी छ,सात वटा सङ्ग्रह तयारी अवस्थामा रहेको छ भने यस अघि २०६३ सालमा हृदय स्पर्शी छालहरू (गजलसङ्ग्रह) लिएर तपाईहरू सामु झुल्किसकेको छ ।

हामी दुई दाजुभाइका धेरै यात्राहरू मध्य फेरी एउटा यात्रा बनेको छ तारापुञ्ज (संयुक्त फाँचल संग्रह)

आमा, बाबुको न्यानो आर्शिवाद रहिरहयो भने पक्कै पनि अघि बढ्न सकिँदो रहेछ । यो मेरो दोस्रो यात्रामा धेरै अनुभव गरें । र मैले यसै सङ्ग्रहमार्फत सम्झनु पर्दा मेरो कर्मको रेखाङ्कन गरीदिनुहुने सहोदर दिदी भिनाजु विजेश हिमालय, रश्मी हिमालय, मलाई साहित्यिक यात्रामा साथ दिनुहुने सहोदर दाजु जीतेन्द्र श्रेष्ठ 'रसिक', पाइला-पाइलामा उभिनु हुने शुभचिन्तक साथीभाईहरू र मलाई यस धर्तिको वोध गराइदिनु हुने बाबा, आमा मा यो संग्रह समर्पण गर्दछु ।

साथै तपाईहरूको मायाँ स्नेह रहिरहयो भने छिट्टैनै अर्को कृति तपाईहरू सामु टक्र्याउने बाचाका साथ ओझेल पर्छ "नमस्ते"।

दिपेन्द्र श्रेष्ठ उदास
सम्पर्कः ९७४११४८८६४

पुञ्ज-१

फाँचल विधाको पहिलो कृति यो
बसेछ अन्जानमै मायाँ प्रिती यो

फाँचल साहित्य फुल हो केसरी
दु:खले सुखले फुलाउँ वेसरी

माया र प्रितीमा फाँचल फक्रियो
र मिठो मानेरै स्रष्टा ले पक्रियो

वासना हरर क्या मिठो फाँचल
जगतै सम्हाल साहित्य आँचल

मिलेमा शब्द धुन क्याराम्रो आहा
माथ मै हुन्छ जुन क्या राम्रो आहा

पैरवि नयाँ यो फाँचल विधामा
मलम पत्ति लौ लगाउँ पिडामा

जीतेन्द्र दाजुले जन्मायो फाँचल
दुलहि बनाई अन्मायो फाँचल

फाँचल विधाको पहिलो कृति यो
बसेछ अन्जानमै मायाँ प्रिती यो

पुञ्ज-२

दुःख सुख वरावरी भयो जिन्दगानी
चाहारेर भाग्य खोज्न गयो जिन्दगानी

आफै लाउँ आफै खाउँ हुन्न जिन्दगानी
सुखै सुख कहिले नि छुन्न जिन्दगानी

लुकीकहाँ पो बस्छन् होला सुखको खानी
भेट्छु वरू म जताततै दुःखको खानी

नियतिले गऱ्यो आजै किन आनाकानी
दोधारमा पऱ्यौं हामी आज जानजानी

दुःख सुख वरावरी भयो जिन्दगानी
चाहरेर भाग्य खोज्न गयो जिन्दगानी

पुञ्ज-३

धेरै भयो साथी तिम्ले तलतिरै तान्न खोज्या
निर्धालाई धकेलेर तिमी मात्र जान्न खोज्या

मैले पनि तिमीले भैं यौटा बाटो खन्न खोज्दा
कुनैदिन सहेकोथें दुवैहात वान्न खोज्दा

समय धार हो साथी चोट पनि लाग्न सक्छ
धेरै जान्ने भयो भने खोट पनि लाग्न सक्छ

सक्छौ भने आफु सँगै हिंडाउनु पर्छ साथी
निच मान्छे पुल भन्दै जंघार को तर्छ साथी

धेरै भयो साथी तिम्ले तलतिरै तान्न खोज्या
निर्धालाई धकेलेर तिमी मात्र जान्न खोज्या

पुञ्ज-४

कर्म जता ठोक्किएनी सुन्यतानै हात लाग्छ
अभागीको जिन्दगानी खोटि कर्म साथ लाग्छ

चक्र जस्तै घुम्दो हुन्छ मान्छे को चोला हजुर
तर्न खोज्छु जिन्दगी किन वढेछ खोला हजुर

दोहोऱ्याए जिन्दगी भाग्य माथी ठक्कर लाग्यो
हिँड्दै थिए भौतारी ज्यानै ढल्ने चक्कर लाग्यो

दैव पनि दुःखी माथी दुःखै दिन्छ निरन्तर
मकै पिन्ने वहानामा घुन पिन्छ निरन्तर

कर्मजता ठोक्किएनी सुन्यतानै हात लाग्छ
अभागीको जिन्दगानी खोटि कर्म साथ लाग्छ

पुञ्ज-५

फोटो बाली औंठी गाली तिम्रो याद मेट्न पाए
कति जाति हुन्थ्यो होला मनैवाट खेद्न पाए

विर्सुभन्छु भनैगाढा याद आउँछ किन हो
धसमस मनैमा तस्बिर छाउँछ किन हो

विर्सन नै गान्हो भयो भन्छौ तिमी जैले पनि
गान्हो हुन्छ यहाँ मन बुझाउन मैले पनि

तिर दुईटा खोला एउटै हाम्रो जिन्दगानी
यस्तै-यस्तै हुदोरैछ कति चाम्रो जिन्दगानी

फोटो बाली औंठी गाली तिम्रो याद मेट्न पाए
कति जाति हुन्थ्यो होला मनैवाट खेद्न पाए

पुञ्ज-६

वितेका कुराले भस्कायो मलाई
यो छाति भरि लौ चस्कायो मलाई

कता पो दुख्छ खै छाम्दैछु मन यो
आँसुको भेलमा ठाम्दैछु मन यो

दुखेको हरायो औखति मुलोले
मनै पो चुकेछ के कति भुलले

पारेर म एक्लै गएछौ तिमी पो
दोधारे जिन्दगी भएछौ तिमी पो

विश्वास चुकेछ तिमीमा अचेल
सबैले थुकेछ तिमीमा अचेल,

वितेका कुराले भस्कायो मलाई
यो छाति भरि लौ चस्कायो मलाई

पुञ्ज-७

चिप्ला मान्छेको चिप्लै कुरा
थाहा हुन्न धसेको छुरा

कतै उन्ले गुण देखायो
बैगुनि ले धुँडा टेकायो

विर्सीएछ गुणको कुरा
फेरी गर्छ जुनको कुरा

नजानेरै हो कि उनिले
पाप गरेछ वैगुनिले

बाँच्नु नै वेकार जिन्दगी
भएछ धिक्कार जिन्दगी

चिप्ला मान्छेको चिप्लै कुरा
थाहा हुन्न धसेको छुरा

पुञ्ज-८

धेरै याद आयो आज फोटो हेर्न सकिएन
ढुसी लाग्या पत्र थियो तर केर्न सकिएन

हात काम्यो मुटु छाम्यो डर केहि हैन रैछ
सम्झी रून्थें कैले ,तर केहि पनि छैन रैछ

विर्सी सकें तिम्रो मायाँ जोड्न थालें उनीतिर
वाटो तिम्रो जानि भुलें मोड्न थालें उनीतिर

मनमिल्यो उनिसँग भाग्यले जुराईदियो
उत्साहि हामी थ्यौं भगवानले पुऱ्याई दियो

आज निकै उमंगले बन्धनमा बाँधिए म
खुल्ला थ्यो जिन्दगी यो व्यवहारमा साँधिए म

सुखी छु खुसी छु रहिरहन्छु जिन्दगीभर
दुखी बाँध छेकी बगिरहन्छु जिन्दगीभर

यात्रा भरि सधै साथ हुन्छु उनको कसम
सधैं सधैं सिखर चुम्छु म उनको कसम

धेरै याद आयो आज फोटो हेर्न सकिएन
ढुसी लाग्या पत्र थियो तर केनै सकिएन

पुञ्ज-९

सर्माएर गए उनि फर्कीफर्की हेर्दै
सपनि पो देखेछु नि सिरानी पो बेर्दै

सम्फीएथें अतित त्यो जवानीको वेला
भएथ्यो कुनै दिन मनको ठुलो मेला

यस्तै यस्तै हुन्छ अरे जिन्दगीको पाटो
नविराई धाएँ पैले , उनि हिड्ने वाटो

निदाउन कोल्टे फेर्दा याद त्यो आउछ
निष्ठुरीको तस्बिर मनै भरी छाउँछ

भाग्य फुट्यो कर्म लुट्यो मनै कालो हुँदा
कैले मन भस्किदिन्छ औंठी चिनो छुँदा

सर्माएर गए उनि फर्कीफर्की हेर्दै
सपनि पो देखेछु नि सिरानी पो बेर्दै

पुञ्ज-१०

जन आवाज दरिलो छ झेल्ली नगर नेता
शिखर मै चढाई दियौं भुँई नझर नेता

गाऱ्हो हुन्छ घुम्ने कुर्ची हल्लाएर खान नेता
संविधाने रेखा तानी सिमारेखा बान नेता

भोलिफेरी बेचिएला कालापानी जस्ता ठाउँ
बचाएर राख नेता नेपालको यस्ता ठाउँ

भोलि मधेस बेचिने संकेत लौ गरेको छ
ऋणका भारी नेपाली सिरमाथी परेको छ

नेपालीको मन दुखाउदै हिन्दी बोल्छौ नेता
राष्ट्र भाषा भेष सारा नङ्ग्याएर खोल्छौ नेता

जन आवाज दरिलो छ झेल्ली नगर नेता
शिखर मै चढाई दियौ भुई नझर नेता

लेखक परिचय

फइन्द्र तामाङ 'अखिल'

नाम : फइन्द्र तामाङ 'अखिल'

जन्म : २०४५।१०।४ गते

शिक्षा : स्नातक

ठेगाना : शिखरपुर-८, बगुवा, सिन्धुपाल्चोक

प्रकाशित कृति : राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा विभिन्न लेखरचनाहरू प्रकाशित
संयुक्त फाँचलसङ्ग्रह (तपाईको हातमा)

आवद्धता : सिन्धुसङ्गम साहित्य समाज (स.सचिव),
: सिन्धुदर्पण द्वैमासिक (सम्पादन सहयोगी),
: नेपाल तामाङ विद्यार्थी घेदङ संघ जिल्ला सचिव
: विहानी साहित्यिक मासिक सम्पादन,
: 'उद्घोष' मासिक सम्पादन,
: फाँचलमण्डली (सक्रिय सदस्य, २०६५)
: सिन्धुप्रवाह साप्ताहिक (संवाददाता)

माता : सार्कीमाया तामाङ

पिता : रत्नबहादुर तामाङ

सम्पर्क : ९८०३०८९३८१

इतिहासकै पहिलो विधा

भनिन्छ, मान्छेको जीवन दुःख, सुखको जमघट हो । त्यही दुःखसुखको जीवन यात्राको क्रममा कतै ठेसिन्छ, कतै चोटपटकयुक्त भइन्छ । त्यही जीवन भित्रको गाथा र सुन्दर धर्तीभित्रको यथार्थता नै साहित्य हो । म पनि एउटा साहित्यको पारखी । हृदयभरी भावनाहरू उर्लेर आउँथ्यो । कसैको पीडा, सुख, जीवनयापनको तौर तरिकालाई आफ्नो लेखनीबाट उतार्थे, तर आज लेखेको सिर्जना भोली कहाँ पुग्थ्यो, मलाई पत्तो हुन्नथ्यो । फोहोरभित्र कुहिन्थ्यो, कुच्चोले बडारेर फालिन्थ्यो । धेरै कविता लेख, फुटकर कथाहरू, गजल, निबन्ध, अझ एउटा उपन्यास पनि लेखे । पुराना सृजनाहरू गलिसके । दुईबर्षताकाका सृर्जनाहरू छन् । जसलाई न्याय दिएको छैन मैले । म माफी माग्छु मेरो रचनाहरूसंग । जहा मेरा विवशताहरू लुकेका छन् । कहिलेकाँहीं त आ । नलेखु जस्तो लाग्छ । तर नलेख्दा मनका कति कुराहरू समयसंगै जिवनको उत्साह र निराशासंगै मरेर जाँदा रहेछन् आज मनमा उब्जेका कुराहरू भोलिको परिबेशमा नउब्जने रहेछन् । माटोजस्तो, धान र मकैको मौसमी खेतीजस्तो, कहाँ हुदोरहेछ र । मान्छेको मन । त्यही क्रमलाई दोहोऱ्याउदै अहिले यहाँहरूसम्म विल्कुल नविन र इतिहासकै पहिलो विधामा आफ्नो केही अन्तरकुनाको तत्वहरू ओकलेको छु । हृदयको गुम्सावटलाई हावा खुवाउने चेष्टा गर्दै सिन्धु साहित्यमा एउटा फुच्चे अनुहारको रूपमा झुल्केको छु । यो पहिलो मस्तिष्कबाट सिर्जित रचना भएकोले केलाउने र सुधार्ने जिम्मा यहाँहरूको हातमा सुम्पिन्छु ।

सङ्ग्रहमा समावेश हुन पाउँदा ज्यादै हर्षित छु । र मित्र जीतेन्द्र रसिकप्रति अन्तरहृदयदेखी आभार व्यक्त गर्दछु । साहित्यबाट विचलित मलाई कठालोमा समातेर पथमा ल्याउनु पत्रकार रमेश चापागाँईको म सदैव ऋणी छु । साहित्यकार डम्बर 'रसिक' भारती, रमेश श्रेष्ठ गुरू र राधाकृष्ण श्रेष्ठप्रति आभारी छु, जसले मलाई हौसला प्रदान गर्नु भयो । अप्ठ्यारो परिस्थितिमा साथ दिनुभएकोमा लोक गायक हरि थापामा आभार व्यक्त गर्दछु ।

जीवनको कठोर परिस्थितिमा कतिपनि विचलित नभइकन सारा दुःखहरू आफ्नो काँधमा बोकी हरेक क्षेत्रमा मलाई अगाडी बढ्ने मौका दिनुहुने मेरी आमाको ऋण म तिर्नै सक्दिन ।

अन्त्यमा, विभिन्न क्षेत्रमा रहेर सदैब मेरो सफलताको कामना गर्नुहुने मेरा साथी, सङ्गी, अग्रज सबैमा यो पुस्तक समर्पण गर्न चाहान्छु । धन्यवाद ।

फइन्द्र तामाङ 'अखिल'

पुञ्ज-१

मेरो जीवन हार भो
म त मरेको सार भो

लाखौ आत्मा जल्दा पनि
आफ्नोपन ढल्दा पनि

आफ़ैमा म घेरिरहैं
विभत्सता हेरिरहैं

मान्छे जितेको छ त्यहाँ
मान्छे रित्तेको छ त्यहाँ

कठै ! त्यो भोकै मरेको
अर्कोले मस्ती गरेको

लाचारीको जल पिएँ
र मिथ्या जीवन जिएँ

मेरो जीवन हार भो
म त मरेको सार भो ।

पुञ्ज-२

कोही दासी, कोही ठालु जिन्दगी
जस्तो पनि ठीकै, आलु जिन्दगी

तुँवालोझैं क्षिण, चोला जिन्दगी
आफै बगिजाने, खोला जिन्दगी

कुमालेको काँचो, माटो जिन्दगी
दोधारे यात्रा, चौबाटो जिन्दगी

विश्वाससँगको, घात जिन्दगी
भुइँमा खसेको, पात जिन्दगी

चर्किंराको आलो, घाउ जिन्दगी
खालमा जुवाको, दाउ जिन्दगी

बहकिने चैते, हावा जिन्दगी
ओदानमाथिको, तावा जिन्दगी

कोही दासी, कोही ठालु जिन्दगी
जस्तो पनि ठीकै, आलु जिन्दगी

पुञ्ज-३

आँखासँग आँखा जुध्दा सर्माएर निहुरिनेले
मैले देको फूल त्यो थापी शीरका सिउरिनेले

औंसीरातमा चम्किदिने ती आकाशकी जूनले
थाहा छैन कति पो माया गर्छिन् मलाई उनले

सपनी, विपनिमा उनी, डाँडा र पाखामा उनी
मोनालिसाभन्दा कम छैन मेरो आँखामा उनी

लामो केश, शील छे उनी, साँच्चै मायाको छाल छ
मिठो बोली, मुस्कान अनि क्या हिंडाइको चाल छ

देख्ने जति, सुन्ने जति सबैजना लौ दंग परून्
पिरतीको दुनियाँमा हाम्रो माया लौ रङ्ग भरून्

अन्धा प्रेमी-प्रेमिकाले हामीबाट नै पाठ सिकून्
रूवाउने रीतदेखि आजैबाट नै हात झिकून्

आँखासँग आँखा जुध्दा सर्माएर निहुरिनेले
मैले देको फूल त्यो थापी शीरमा सिउरिनेले

पुञ्ज-४

छि, जिन्दगी समयले मारेको मान्छे
थुक्क, म त गधासँग हारेको मान्छे

पैतालाले कुल्चिँदा म जमेको मान्छे
किटाणुको बस्तीभित्र रमेको मान्छे

कुकुर जिउँदो छ, म बाँचेको मान्छे
झ्याउँकिरीको गीतमा नाचेको मान्छे

भत्केर एकातिर म, उस्केको मान्छे
दाउ मार्दा म चुकुल फुस्केको मान्छे

कागले कान लग्यो, म दौडिने मान्छे
विलासिताको घ्याम्पोमा पौडिने मान्छे

दैव भन्दै दुष्टलाई म ढोग्ने मान्छे
मानवता धनसँग म जोख्ने मान्छे

स्वार्थताको बल्छीमा म अल्भेको मान्छे
मुटुको घाउ सहन पल्टेको मान्छे

अरू चुरी बाँच्ने त्यो, उपियाँ भो मान्छे
खरिद-बिक्री मिल्ने, रूपियाँ भो मान्छे

छि, जिन्दगी, समयले मारेको मान्छे
थुक्क, म त गधासँग हारेको मान्छे

पुञ्ज-५

हाँसो दियौ अलिकति, आँसु दियो धेरै
तिम्लाई म दोष दिन्न, गल्ति थियो मेरै

गन्तव्य नै नसोचेर, यात्रा मैले थाले
पाकेसी खाने आसमा, ढुङ्गा मैले गाले

खुसी थियो जिन्दगीमा, पार गरें मैले
आफैमाथि बञ्चरो, प्रहार गरें मैले

मलाई देको मायाँ त्यो, साँचो हैन रैछ
झुपडीमा अटाउने आँट छैन रैछ

माने, मैले यो जुनिका तिम्रै जित भयो
व्यर्थै बाचा गर्ने त्यो प्रेमको रीत भयो

पैसा भए किन्न मिल्ने जर्सी भयो माया
मेरो लागि भीरको त्यो फर्सी भयो माया

हाँसो दियौ अलिकति, आँसु दियौ धेरै
तिम्लाई म दोष दिन्न, गल्ति थियो मेरै

पुञ्ज-६

आमा ! म त सहिद भएँ निरकुंशको दमनबाट
सामन्तिको राज्यसत्ता अनि सीमा अतिक्रमनबाट

ऋनै छैन नजाउ प्रिय, गिट्टी कुट्न खोला छेऊछेऊ
हाम्रै भयो गैरी खेत, कांजीसाहुलाई फिर्ता नदेऊ

विदेशमा नजाउ भाइ, श्रमको मूल्य पाउँछ अब
ढलिसक्यो हैकमवादी, दुखीको दिन आउछ अब

आफ्नै घर जाउ दिदी घर अब कहिल्यै फुट्ने छैन
भिनाजुले जाँड खाएर अब तिमीलाई कुट्ने छैन

ए ! दलित दाइ ढुक्क हुनु, अब घृणा खेपिनु छैन
को सानो, को ठूलो याहाँ, अब तिमीलाई हेपिनु छैन

धेरै भाषा, धर्म नेपाली, एउटै माला गाँस्नु छ याहाँ
को आफन्त, को पराई भो ! एकापसमा हाँस्नु छ याहाँ

आमा ! म त सहिद भएँ, निरंकुशको दमनबाट
सामन्तिको राज्यसत्ता अनि सीमा अतिक्रमणबाट

पुञ्ज-७

दुनियाँका दुइटा आँखा, एउटा हुन्छ मान्छे
ढुङ्गालाई पुज्छन याहाँ, देउता हुन्छ मान्छे

आफै शत्रु, आफै मित्र, सबै आफै हुन्छ मान्छे
दुःख आफै, सुख आफै, व्यर्थै त्यसै रून्छ मान्छे

को हो मालिक ? को हो दास ? सबै समान हुन्छ
ठूलो सानो भन्नु त, मान्छेप्रति अमान हुन्छ

जहाँ फुल्छ फुल, आखिर भुँइमा भर्नै पर्छ
किन देख्ने मान्छे भिन्न, पक्कै हामी मर्नै पर्छ

एकैछिन मात्र हुन्छ, शीतजस्तै हुन्छ धन
दुनियाँमा वुद्धि ठुलो, ज्ञानले नै धुन्छ मन

जब हुन्छ एकै भाव, तव ठूलो शक्ति हुन्छ
आत्मियता जहाँ छ, त्याहाँ माटोको भक्ति हुन्छ

दुनियाँका दुइटा आँखा, एउटा हुन्छ मान्छे
ढुङ्गालाई पुज्छन् यहाँ, देउता हुन्छ मान्छे

जमघट द्वैमासिकमा प्रकाशित

पुञ्ज-८

सारा दुनियाँ आफ्नै भैँ लाग्ने, वैंश वेइमानी
मान्छेको मन बदलीदिने, पैसा वेइमानी

साउने भेलझैं उर्लिदिने, प्रिती वेइमानी
साइनो जोड्दै टुटाउने त्यो, रिती वेइमानी

अधर मुस्कान छोडीदिने, ओठ वेइमानी
पछि मुटु चोइट्याइदिने, चोट वेइमानी

विगत उसलाई छुने यो, हात वेइमानी
सपनीमा बिउँझाइदिने, रात वेइमानी

याद बल्झाइदिने गीतको, भाका वेइमानी
व्यर्थै आँशु छचल्किने मेरो, आँखा वेइमानी

आँखाभरी आउने उनको, हाँसो वेइमानी
एउटा रूमाल साथमा छ, नासो वेइमानी

सारा दुनियाँ आफ्नै भैँ लाग्ने, वैश वेइमानी
मान्छेको मन बदलीदिने, पैसा वेइमानी

पुञ्ज-९

म बढ्छु अघी, मृत्यूसँग डर छैन
म जुट्छु, उठ्छु दुनियाको भर छैन

श्रमको मूल्य, सज्जनको भाउ छैन
दु:खीको शिर लुकाउने ठाउँ छैन

मर्ने मरिन्छ, कानुन कता छ याहाँ ?
काखा र पाखा, पशुको प्रथा छ याहाँ

यसर्थ म छुट्टै, गीत गाउछु अब
धर्तीसँग छुट्टै, प्रीत लाउछु अब

विश्वसामु नेपालको दर्पण छर्छु
मेरो माटोसँग प्राण अर्पण गर्छु

म मरेर के भो त ? लाखौ बाँच्न सके
विभेदको अन्त्य त मट्टी हाँस्न सके

म बढ्छु अघी, मृत्युसँग डर छैन
म जुट्छु, उठछु दुनियाँको भर छैन

लेखक परिचय

बद्रीबहादुर तामाङ

नाम	:	बद्रीबहादुर तामाङ 'संगम'
जन्म	:	२०४२/१/१०
पिता	:	रीफल तामाङ
माता	:	साइँली तामाङ
ठेगाना	:	नवलपुर-६, सिन्धुपाल्चोक
शिक्षा	:	एम.ए./बी.एड. (अंग्रेजी साहित्यमा) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
पेशा	:	अध्यापन
संलग्नता	:	संवाददता, चिन्गारी राष्ट्रिय पाक्षिक
	:	सम्पादन सहयोगी, सिन्धुदर्पण साहित्यिक द्वैमासिक
	:	उपाध्यक्ष, सिन्धु-सङ्गम साहित्य समाज, नवलपुर
	:	आजीवन सदस्य, अविरल साहित्य समाज, बाँडेगाउँ
	:	महासचिव, नवलपुर सामुदायिक विकास समिति
	:	सचिव, फाँचलमण्डली (२०६५
प्रकाशित कृति	:	हृदयका फूलहरू (२०६३) -कवितासङ्ग्रह
	:	तारापुञ्ज (२०६५) -संयुक्त फाँचलसङ्ग्रह तपाईको हातमा

मैले केही भन्नु छ

मनोभावनालाई मानविय उत्प्रेरणाको श्रोत मान्न सकिन्छ । जीवनको स्पर्श र उपयोगले कुत्कुत्याउन र झक्झक्याउन केही गरौ-गरौ , केहि लेखौ -लेखौं सम्म पुऱ्याउँदा जन्म भएको छ एउटा साहित्यिक विधा फाँचल ।

मनोरञ्जनात्मक पक्ष त छँदैछ साहित्यको साथ साथै, सामाजिक परिवेश उन्न सफल फाँचल विधाको एउटा कृति तारापुञ्जले इतिहाँस कोर्न सक्दछ । साहित्यको फाँटमा आफ्नो पृथक पहिचान बोकेर सगरमाथा झैं ठडिन सफल कृतिको सुन्दर नाम हो तारापुञ्ज । 'तारापुञ्ज यो अर्थमा पनि साहित्यिक फाँटमा सफल हुनेछ कि यो विल्कुल नयाँ विधामा आधारित छ -फाँचल विधा । तारापुञ्ज मार्फत एउटा साहित्यको पृथक विधालाई पस्कने मौका पाउँदा हामीले अति नै गौरवान्दित महसुस गरेका छौं । त्यसो त हाम्रो यो निरन्तर प्रयासका डोब "फाँचल विधाले कहिले सम्म निरन्तरता पाउने भन्ने भावि पुस्ताकै हातमा रहने छ । यद्धपि हामीले सामुहिक प्रयास मार्फत यस विधालाई सम्पूर्ण साहित्यप्रेमीको हृदय भित्र थन्काउनको लागि भए पनि तारापुञ्ज लाई जन्म दिएका छौं । हामीलाई आसा छ यहाँहरूले हाम्रो उपहार सहर्ष स्विकार्नु हुनेछ ।

विशेष गरि यो सर्वविदितै छ कि संघर्ष विना कुनै पनि सफलता को परिकल्पना गर्न सकिन्न । कैयौं वैचारिक द्धण्द , लाखौं अन्तरक्रिया पश्चात यो फाँचल विधाको जन्म भएको छ । मलजल हालेर हुर्काउने बुबा धेरै भएता पनि जन्माउने आमा जीतेन्द्र श्रेष्ठ रसिक ज्यू लाई धन्यवाद नदिइरहन सक्दैन । हुन त यो "पोष्ट मोर्डन " समयमा पनि नियमको परिधिभित्र कुन्ठिएर सृजना गर्नु पर्दा स्रष्टाहरूलाई कता कता 'क्लासिकल पिरियड' को सम्झना आउन सक्छ , यद्यपि यो विधा हेंगलको भाषामा थेसिस र एन्टियेसिस को टसल वाट जन्मेको सिन्थेसिस हो । सोफेन आवरले भनेका छन् - 'मान्छे इच्छा शक्ति को दास बन्दछ" मनभरिका इच्छाका अनेकौ तानावानाका जिवन्त उपज हो तारापुञ्ज । साहित्यको इतिहाँसमा एउटा उत्तराआधुनिक हतियार (postmodern weapon) हो, फाँचल विधा । फाँचलको प्रहारवाट हामीले हरेक समाजमा विद्यमान सकुनीका दृष्चक्रहरूलाई तोड्ने यात्राको सुरूवात गरेका छौं । 'सम्पूर्ण साहित्यप्रेमी र पाठकहरूको साथ र सहयोग वाट मात्र नयाँ इतिहास रच्न सकिने हुनाले निर्णयलाई हामीले यहाँ हरूमाझ सुम्पेका छौं । इतिहास विगतको विश्लेषण हो तर त्यसले भविष्यको गोरेटो तयार गरेर वर्तमानलाई समेत निश्चितता प्रदान गर्दछ भन्ने हाम्रो ठहर छ ।

बद्रीबहादुर तामाङ्ग
नवलपुर -६ सिन्धुपाल्चोक
सम्पर्क: ९८०३०७७६०४
email: badrighan_123@yahoo.com

पुञ्ज-१

तड्पाइ तड्पाइ नराख घाँटी मेरो रेटी हाल
मर्नु अब धेरै छैन लौ गल्ति मेरो मेटी हाल

खाना नदिई भोको पेट जल्न नदेउ मलाई
आगोको ज्वाला सरि लप्का बल्न नदेउ मलाई

गुदि सबै लौ झिकि सक्यौ म छु अब बोत्रो मात्र
हाल्ने कुरा लौ केहि छैन किन थाप्ने धोक्रो मात्र

तयार होऊ कंशहरू मर्न अब धेरै छैन
बैतर्नीको त्यो खोलालाई तर्न अब धेरै छैन

तड्पाइ तड्पाइ नराख घाँटी मेरो रेटी हाल
मर्नु अब धेरै छैन लौ गल्ति मेरो मेटी हाल

पुञ्ज-२

सम्झी सम्झी रूनु पर्ला
सदा एक्लो हुनु पर्ला

फूलैको माला जीवन
ख्यालैमा जाला जीवन

हरदम दु:ख बाँडौं
हरपल सुख साटौं

समालेर राख सानु
भगवाण भाक सानु

सम्झी सम्झी रूनु पर्ला
सदा एक्लो हुनु पर्ला

पुञ्ज-३

मान्छे तिमी मान्छे नै हो पशु तिमी होइन
अनायसै झरिदिने आँसु तिमी होइन

मान्छे भएर पशुले झैं खान्छौ घाँस किन
अजम्बरी बाँची राख न, छोड्छौ सास किन

पशु मान्छे बनिसक्यो तिमी हुने कहिले
बुद्धको देश यो आज स्वर्ग छुने कहिले

यहाँ भन्दा मसानघाट धेरै बेस होला
स्रष्टा त मरिजाला कृति पक्कै शेष होला

मान्छे तिमी मान्छे नै हो पशु तिमी होइन
अनायसै झरिदिने आँसु तिमी होइन

पुञ्ज-४

नवलपुरलाई चिन तिमी
आदर्शलाई झन किन तिमी

ज्ञानको सागरमा डुब्दै जाऊ
प्रगतीको शिखर चुम्दै जाऊ

झारिदिनु छ चपाउने दाँत
खसालीदिनु देखाउने दाँत

ढवाङ्ग बन्न छोड अब तिमीले
जिवन यात्रा रोज अब तिमीले

नवलपुरलाई चिन तिमी
आदर्शलाई झन किन तिमी

पुञ्ज-५

लक्ष्यमा पुग्न अगाडि बढ साथी
सफलताको शिखर चढ साथी

आँधी भएर अगाडि बढ्नु पर्छ
सबैको दिल भित्रै लौ गड्नु पर्छ

गुडि भएर जीत मन सबैको
ज्ञानी मानिस नै हो धन सबैको

कहिल्यै नथाक्ने वाटो पहिल्याउ
आफु जन्मेको यो माटो पहिल्याउ

लक्ष्यमा पुग्न अगाडि बढ साथी
सफलताको शिखर चढ साथी

पुञ्ज-६

देशको लागि बाँच्न पाऊँ
यहि माटोमा नाच्न पाऊँ

पहरालाई फोर तिमी
अन्यायलाई तोड तिमी

क्रान्तिको लौ दिप सल्काउ
कलमको निप सल्काउ

जति सक्छ त बल्न देउ
यहि माटोमा जल्न देउ

देशको लागि बाँच्न पाऊँ
यहि माटोमा नाच्न पाऊँ

पुञ्ज-७

मान्छेहरूको भिड वाट अनायासै हराएँ म
आफ्नो नाकमा आफै छोइ किन आज कराएँ म

नाक साह्रै दुख्दैथ्यो मेरो के भो भनि छोएँ मैले
कुवा बाट पानी सारी धेरै पटक धोएँ मैले

जब कुवा देखे मैले नाक मेरो मात्न थाल्यो लौ
कुवाको पानी पिइ नाक ले फेरी छात्न थाल्यो लौ

कुवा माथि नाक नाच्ने संसारको रीत रहेछ
जिन्दगीमा मेरो हार दुनियाको जित रहेछ

मान्छेहरूको भिड वाट अनायासै हराएँ म
आफ्नो नाकमा आफै छोइ किन आज कराएँ म

फाँचल लेखन सम्बन्धी जानकारी

"फाँचल" अर्थात एउटा फराकिलो चलायमान स्वतन्त्र विधा जुन गायन र पाठ्य दुबै योग्य छ । फाँचल विभिन्न मूल प्रवृत्तिहरू मिलेर वनेका छन् । ति हुन् -

क) फाँको,
ख) फेत,
ग) विथि,
घ) उँजाई
ङ) पुच्छ,
च) उठानचुली,
छ) जडानकुशल,
ज) पुञ्ज, महापुञ्ज

क) फाँको:-फाँको फाँचलको मुटु हो । फाँको विना फाँचलको कल्पना गर्न सम्म पनि सकिँदैन । जसरी मुटु विनाको मानव कल्पना गर्न सकिन्न ।

ख) फेत:-फेत फाँचलको प्रपुख आसन हो । जस्ले फाँचल लेखनमा उठानचुली र जडान कुशललाई पुर्णता दिने काम गर्दछ ।

ग) विथि:-हरेक फाँचलका दुई हरफको एक पातोलाई विथि भनिन्छ ।

घ) उँजाई:- फाँचलको पहिलो विथिलाई उँजाई भनिन्छ ।

ङ) पुच्छ:-उँजाईपछि क्रमश: आउने विथिहरूलाई पुच्छ भनिन्छ ।

च) उठानचुली:-हरेक विथिको पहिलो हरफलाई उठानचुली भनिन्छ । उठानचुलीले विषयबस्तु र सन्दर्भ उठान गर्ने कार्य गर्दछ ।

छ) जडानकुशल:-हरेक विथिको दोस्रो हरफलाई जडानकुशल भनिन्छ । जडानकुशलले उठानचुलीले उठान गरेका शन्दर्भ र उत्सुकतालाई जोद्ने र निभाउने काम गर्दछ ।

ज) पुञ्ज:-हरेक फाँचलको एकाईलाई पुञ्ज भनिन्छ ।

झ) महापुञ्ज:-फाँचलमा विभिन्न विषयबस्तुहरू विथि क्रम नटुटाईकन लम्ब्याएर लेखिने सिङ्गो फाँचलको एक एकाईलाई फाँचल महापुञ्ज भनिन्छ ।

यि त भए फाँचलका मूल प्रवृतिहरू ।

निम्न समायोजनमा फाँचल निर्माण हुन्छ ।

समायोजन

फाँको	फेत	विथि	कैफियत
भए / गए	हुन्थ्यो बरू	१	उँजाई
छरि / परि	दिन्थे	२	पुच्छ
आउँथ्यो / छाउँथ्यो	मजा बेग्लै	३	पच्छ
आउँथे / गाउँथे	होलाकोही	४	पुच्छ
सजाएर / बजाएर	कोही	५	पुच्छ
फूल / बुल	झैं	६	पुच्छ

माथिका समायोजन पृष्ठ ९ को फाँचलबाट

फाँचलका आवश्यक तत्वहरू:



फाँचल लेखनका नियमहरू:

१. हर फाँचलमा आउने दुई हरफलाई विथि भनिन्छ ।

२. हरेक विथिको पहिलो हरफलाई उठानचुली र दोस्रो हरफलाई जडानकुशल भनिन्छ । उठानचुलीले विषयबस्तु सम्बन्धी सन्दर्भ उठान गर्ने र जडानकुशलले उठानचुलीले उठाएको सन्दर्भले मागेको भाव कुशल तरिकाले जोड्नु हो ।

३. पहिलो विथिलाई उँजाई भनिन्छ । जस्ले फाँचल गायनमा प्रमुखभुमिका निर्वाह गर्दछ । फाँचल गायनमा उँजाइले गायनलाई उजिल्याउँदै श्रोता वा दर्शकहरूलाई आकर्षण गर्ने काम गर्दछ ।

४. पहिलो विथि पछि क्रमशःपछि आउने विथिहरूलाई पुच्छ पनि भनिन्छ । हर विथि र पुच्छमा फाँको र फेतको चमत्कारीपुर्ण ढंगले प्रयोग गर्नु पर्दछ । कुनै अबस्थामा भने फेत लोप र फाँको को ससक्त प्रयोग गर्न सकिन्छ ।

५. फाँचल गायन र पठन दुबै योग्य भए पनि गेयात्मक हुन जरूर छ ।

६. फाँको फाँचलको मुटु हो भने फेत आसन हो ।

७. कुनै अवस्थामा फाँचलको फाँकोसँग फेत पनि जोडेर आउँदछ । जस्तैः सानीमा, पानीमा, सानी र पानी फाँको अन्तर्गत पर्दछ मा फेत अन्तर्गत पर्दछ । तर यसरी आएका फाँकोहरूलाई फेत लोपको रूपमा लिइन्छ ।

८. फाँचल छन्दमा पनि लेख्न सकिन्छ तर स्वतन्त्रता प्रदानताको हिसावले कुनै छन्द नियमले बाँधिनु नै पर्छ भन्ने अनिवार्य छैन ।

९. फाँचल चार विथि भन्दा कमको गणना उचित हुँदैन । चार विथि पछि भने जति विथि पनि लम्ब्याउन सकिन्छ ।

१०. सिङ्गो फाँचल एउटा पुञ्ज हो । गणनागर्दा फाँचलको १ पुञ्ज, २ पुञ्ज क्रमस गरिन्छ ।

११. फाँचल स्वतन्त्र विधा भएकोले जुनसुकै वस्तुलाई लिएर सृजना गर्न सकिन्छ ।

१२. फाँचलको विथि क्रम नटुटाइकन लम्ब्याएर सारा विषयबस्तुहरू समेटेर फाँचल महाँपुञ्ज पनि निर्माण गर्न सकिन्छ ।

१३. उँजाइको अर्थात पहिलो विथिमा फाँको र फेत प्रयोग हुँदा दोस्रो विथिमा फेत लोप तेस्रोमा पुनःफाँको फेत चौथोमा फेत लोप गरि क्रमस एक-एक विथिको अन्तरमा फाँचल लेखनलाई चमत्कारिता दिन सकिन्छ ।

१४. हलन्त लागेको वर्ण, आधा वर्ण र ई इ उ ऊ जस्ता अक्षरांसको नियमपालना अनुसार प्रयोग गर्न सकिन्छ । जस्लाई कुनै अवस्थामा गणना गरिन्छ भने कुनै अवस्थामा गणना गरिदैन ।

१५. गायनको हकमा फाँचल गाउँदा एक-एक विथिको अन्तरमा उँजाई दोहोऱ्याउन अनिवार्य छ ।

१६. फाँचलको शिर्षक मान्य छैन ।

जितेन्द्र श्रेष्ठ 'रसिक'

लेखक परिचय

यदुनाथ वसन्तपुरे

नाम : यदुनाथ वसन्तपुरे

जन्म : १० माघ, २०२४

जन्मस्थान : बाँडेगाउँ-२, वसन्तपुर, सिन्धुपाल्चोक

पिता : रामप्रसाद कोइराला

माता : लिलादेवी कोइराला

श्रीमती : सुशीला कोइराला

सन्तान : २ छोरी र १ छोरा
(सुजाता, अस्मिता, हिरानाथ)

सम्प्रति : शिक्षण साहित्य लेखन, अध्यापन
अध्यक्ष/विशिष्ट आजीवन सदस्य : अविरल साहित्य समाज
सदस्य : प्र.ले.स., सि.पा.
आजीवन सदस्य : ने.रा.शिक्षक संगठन, सि.पा.
सल्लाहकार : सिन्धु दर्पण

सम्पादन : १) सिपातीनघरे स.उ.मा.वि. स्मारिका
२) अविरल साहित्यिक अंक १
३) अविरल साहित्यिक अंक २

प्रकाशित कृतिहरू :

: परिस्थितिले जन्माएको अनुहार कवितासङ्ग्रह
: बादलभित्रको गाउँमा (नाटक, २०५४)
: ऐतिहासिक काली (गीतिकाव्य, २०५७)
: बाँडेगाउँ दर्पण (स्थान परिचय, २०५८)
: मौसमी खेती (कवितासङ्ग्रह, २०६०)
: मायाको तरेली (गीतिसङ्ग्रह, २०६१)
: प्रजातन्त्र (हाइकुसङ्ग्रह, २०६१)
: मास्टर कमन (गीतिसङ्ग्रह, २०६२)
: निशाना (गीतिसङ्ग्रह, २०६२)
: म किसान बिर्खे (खण्डकाव्य, २०६४)
: परिबन्धभित्र (खण्डकाव्य, २०६४)

फाँचलभित्र फस्दा

शरद ऋतुका मौसमी फुलजति फक्रिएका पाउँछौ त्यति नै साहित्य बालीमा रम्न पुग्छौं । साहित्यप्रेमी तरङ्गी चेतहरू बुझाइको लोभमा फस्छन् र वास्तविकता विचार विमर्शहरू ओकल्छन् स्रस्ता सर्जकहरू । प्रचलित विधा समेट्दै र नयाँ विधाको खोजीमा नयाँ आयाम आउनुपर्छ साहित्यमा भन्नेहरू लामवद्ध कति स्रष्टाहरू सफल र असफलको दोसाँधमै रहन्छन् । कति सफल हुन्छन् कति असफल ।

लेख, आलेख, गीत, कविता, नाटक, कथा, निबन्ध ,गजल साथै हाइकु र ताङकाका आफ्नै पहिचान छन् र आधुनिक युगले पनि समेट्दै गएको छ । उतरआधुनिक साहित्यको आगमन हो फाँचल विधा । यतिवेला एउटा नयाँ विधाको सुत्रपात भएको छ । यस विधाका पिता हुनुहुन्छ जितेन्द्र श्रेष्ठ रसिक । युवा जोस र जाँगरकै प्रतिफल हो रसिक फाँचल । तिनै लेखकको संगतपश्चात नयाँ ६ सर्जक थपिन पुगेका छन् क्रमश : यदुनाथ बसन्तपुरे , दिपेन्द्र श्रेष्ठ , बद्रिबहादुर तामाङ्ग, दिपेस आचार्य , फईन्द्र तामाङ्ग र थरेन्द्र मिश्र नयाँ विधाको पृथक स्वाद दिलाउन हामी फाँचल सङ्ग्रह तारापुञ्जमा समसमायिक परिवेश उन्न समाहित छौं विद्वानजन समालोचक तथा पाठकहरूवाट सुझाव को आशा राख्दै फाँचल समुह प्रति भुमिका लेखी फाँचललाई मुहुर्त रूप दिनु हुने चन्द्र प्रसाद न्यौपानै आवरण साजसज्जा ले सजाईदिनु हुने अमित घिमिरे साथै फाँचल नायक जितेन्द्र श्रेष्ठ रसिक प्रति हार्दिक धन्यवाद प्रकट गर्दछौ ।

यदुनाथ बसन्तपुरे
बाँडेगाउँ, बसन्तपुर

पुञ्ज-१

घाँस काट्ने तिमी प्रिय
लाग्छ मायाँ खुनी प्रिय

साहसीको चाहना हो
सुधाजीको साधना हो

खर्क तिर उत्रि हेर
खाउँ धुँवा सुर्ति हेर

एकै क्षण बात मारौ
विश्वासको घात तारौ

बोलुँ बालूँ जस्तो लाग्छ
यस्ता कुरा कस्तो लाग्छ

मनैभरी मायाँ मात्र
देख्छु तिम्रै छायाँ मात्र

घाँस काट्ने तिमी प्रिय
लाग्छ मायाँ खुनी प्रिय

पुञ्ज-२

छदमभेषी मरे हुन्छ
सुन्य छौ चेत हरे हुन्छ

साधुहरू याँ बाच्नु पर्छ
रोएकाहरू हाँस्नु पर्छ

जनका प्रिय फल्नु पर्छ
जनका द्रोहि ढल्नु पर्छ

क्रुरता बोक्ने दपेटौं न
जनका दुष्ट लखेटौं न

छदमभेषी मरे हुन्छ
सुन्य छौ चेत हरे हुन्छ

पुञ्ज-३

म मुर्दा बनेसी तिमी गाँस छाड्छौ
म जल्न थाल्दछु तिमी आस छाड्छौ

खतिया वुनेछन् सलामी छ टन्न
छ धुनी पछाडि मलामी छ टन्न

चुरा र पोते दुई नै फुकालेर
तिमी रूँदै हौली मनै चुँडालेर

जीवनमा सधै हाँसो खस्तो हुन्न
जीवन कथा यो कवै सस्तो हुन्न

म मुर्दा बनेसी तिमी गाँस छाड्छौ
म जल्न थाल्दछु तिमी आस छाड्छौ

पुञ्ज-४

माया गर्नु सिमा हुन्छ
मृत्यु साथ बिमा हुन्छ

साइतका वार हुन्छन्
कहि काँडे तार हुन्छन्

धेरै जाल बुन्नु हुन्न
काल जाग्छ भुल्नु हुन्न

अविवेकी गर्व गर्छ
आखिरमा नर्क पर्छ

विश्वासको मायाँ भित्र
हुँदोरैछ छायाँ चित्र

माया गर्नु सिमा हुन्छ
मृत्यु साथ विमा हुन्छ

पुञ्ज-५

वैगुनीको भरै छैन
विश्वासको जरै छैन

यहाँ यहि फरक भो
निष्कर्षनै बरफ भो

मुटु दुख्छ कति रोउँ
फर्कदैन जति रोउँ

धरोधर्म बाचा गरें
प्रित फुल्ने आसा गरें

मायाँ भन्नु यस्तै रैछ
दम्भै दम्भ सस्तै रैछ

वैगुनीको भरै छैन
विश्वासको जरै छैन

पुञ्ज-६

जीवनमा गुन ठूलो
चेतनाको भ्रुण ठूलो

विवेकी भै बाँचिराख
असली भै हाँसीराख

युग दाज्ने गर मान्छे
बुझी हाँस्ने गर मान्छे

समयले साथ दिन्छ
प्रकृतिले आस दिन्छ

जीवनमा गुन ठूलो
चेतनाको भ्रुण ठूलो

पुञ्ज-७

पहाड तराई यौटै हो
नेपाली सबैलौ द्यौटै हो

सबैको जीत नै जीत हो
दम्भको गीत के गीत हो

फरक छैन यो नेपाली
छौ साना हैन यो नेपाली

यहि नै हाम्रो लौ कर्म हो
सोचेर हेरौ लौ धर्म हो

साग र सिस्नु खाई बाँच्छु
राष्ट्रको गीत गाई बाँच्छु

पहाड तराई यौटै हो
नेपाली सबैलौ द्यौटै हो

पुञ्ज-८

तलका उँभोजानु
माथिका उँधो जानु

बिचमा भेट हुन्छ
समान पेट हुन्छ

रोएका हाँस्न पाउन्
अन्याय मास्न पाउन्

सबैको चाहाना यो
धैरैको साधना यो

ल्याऔं है जनतन्त्र
रोपेर गणतन्त्र

तलका उँभोजानु
माथिका उँधो जानु

पुञ्ज-९

यौटै कुरा साँचो हो भेल टिक्दैन
सत्य भन्नु सत्य हो भेल टिक्दैन

स्वतन्त्र छु भनौ त फुट्छ निधार
टाढा भए लौ यहाँ साँचो विचार

केस फुले तर बुद्धी कस्तो हरे
भीर वाट भुँई तिर खस्तो हरे

जनमन रेटि बाँच्छ हेरौ कती
सुवुद्धि फिराउ अब फेरौ मति

यौटै कुरा साँचो हो भेल टिक्दैन
सत्य भन्नु सत्य हो भेल टिक्दैन

लेखक परिचय



थरेन्द्र मिश्र 'दुःखी'

नाम : थरेन्द्र मिश्र 'दुःखी'
जन्मस्थान : सिन्धुपाल्चोक जिल्ला, नवलपुर-४ टाकुरे
शिक्षा : बि.ए. अध्ययनरत त्रिभुवन विश्व-बिद्यालय,
जन्म : हरिबोधनी एकादशी,
पिता : लाल कृष्ण मिश्र
माता : विष्णुदेवी मिश्र
प्रकाशित कृति : राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा फुटकर लेखरचनाहरू
: संयुक्त फाँचलसङ्ग्रह (तपाईंकै हातमा)
संलग्नता : सिन्धुसङ्गम साहित्य समाज (सदस्य, २०६४)
: फाँचलमण्डली (सक्रिय सदस्य, २०६५)

आफ्नै माटोबाट उब्जिएको विधा हो फाँचल...

जानी नजानी भए पनि गजल र कविताका केहि शब्दहरू कोर्ने गर्दथें । जब अविरल यात्राको क्रममा मित्र जितेन्द्र श्रेष्ठ 'रसिक' सँग जम्काभेट हुन पुग्यो, वहाँले सुत्रपात गर्नु भएको फाँचल साहित्यिक विधामा दिल बस्यो र फाँचल लेख्ने प्रयास गरें । आदरणीय मित्र जितेन्द्र श्रेष्ठ 'रसिक' ज्यूले प्रेरित गर्नु भयो र आज तारापुञ्ज संग्रहमा समावेश हुने अवशर पाएँ । नेपाली साहित्यमा एउटा पृथक र नयाँ विधा हो फाँचल । पश्चिमेली साहित्यबाट भित्रिएको गजल र हाइकुहरू नेपाली भुमिमा यत्रतत्र मग्मगाउँदो बासना छरी फुलिरहेको छ भने आफ्नै माटोबाट उब्जिएका साहित्यिक बिज फाँचललाई आफ्नै धर्ति र बगैंचामा फुलाउँ र फलाउँ भन्ने हाम्रो अभिरूची हो ।

अरू विधामा जस्तै फाँचलमा पनि आफ्नै नीति नियमहरू छन् । जस्को सिमाभित्र रहेर फाँचल लेख्ने जमर्को गरें र, यो समग्र सङ्ग्रह 'तारा पुञ्ज' मा समाहित भएँ । अभावहरू सँग जुध्दाजुध्दै पुर्तिको लागि हुनुपरेको अल्मल्याईले आफै भित्र आफुलाई खोज्न विवश हुनुपर्दो रहेछ । अन्त्यमा यस समग्र फाँचलसङ्ग्रह 'तारा पुञ्ज'लाई शुभकामना दिनुहुने आलोचक समालोचक एवं सम्पुर्ण साहित्यकार तथा यस समग्र फाँचल तारा पुञ्ज संग्रह प्रकाशनका क्रममा सुरूदेखि अन्त्यसम्म जो जसले जे जस्तो भुमिका निर्वाह गर्नु भयो उहाँहरू सम्पुर्ण मा हार्दिक आभारका साथ उहाँहरू प्रति आफु ऋणी भएको सहर्ष स्विकार्दै विदा हुन्छु ।

थरेन्द्र मिश्र दु:खी
सि.पा. नवलपुर-४, टाकुरे
सम्पर्क नं.: ९८०३४७२२०५

पुञ्ज-१

जिन्दगी यो मेरो हार हो कि जीत हो ।
थाहा छैन लौ न सजायँ की रीत हो ।

आज बियोग भुल्न दिएको छु मैले
टुक्रीसकेका आत्मा सिएको छु मैले ।

पाउँछौ मलाई त्यै रद्धी प्याला भित्र
सस्तो एकमानो पिठो र ज्याला भित्र ।

निर्णयमा सधै हुन्छ लौ आनाकानी
देखीन्न खै किन हो सुनौलो बिहानी ।

सपनीमा सधै तिमी सगै हुन्छु म
झस्कीव्युँझी दिदा सम्झीएर रून्छु म

जिन्दगी यो मेरो हार हो कि जीत हो ।
थाहा छैन लौ न सजायँ की रीत हो ।

पुञ्ज-२

धनी र गरिब दाँज्न नखोज साथी
सत्य तितो हुन्छ माझ्न नखोज साथी

मिठो पिठो जे भए पनि खाएकै छु
भुत्रो भत्रो त खोजेर नि लाएकै छु

सास छन्जेल आस आज हो कि भोली
धन सम्पत्ति के हो र ? मिठो होस् बोली

म आगो भए देखि तिमी पानी बन
असहाय अशक्तलाई दानी बन

धनी र गरिब दाँज्न नखोज साथी
सत्य तितो हुन्छ माझ्न नखोज साथी

पुञ्ज-३

पाप लाग्ने होकी मैले छुदाँ तिमीलाई
के भनेर सम्झाउँ म रूदाँ तिमीलाई

चन्द्रमा उदाएर पो रात मिठो मिठो
सर्माउदै बोलिरह्यो बात मिठो मिठो

ढाकेको छ सूर्यलाई तालो बादलुले
रूपै राम्रो परेलीचैं कालो गाँजलुले

भित्र पिर लुकाएर हाँस्नु पर्दो रैछ
उब्जिएका आशाहरू मास्नु पर्दो रैछ

यसरी नै फुल्ने होकी फूल जवानीको
नजानेरै हुँदो रैछ भूल जवानीको

पाप लाग्ने होकी मैले छुदाँ तिमीलाई
के भनेर सम्झाउँ म रूदाँ तिमीलाई

पुञ्ज-४

कतै लाज पो लाग्यो कि त शिर झुकाई दिन्छेउ
नदेखेझैं हेरी फेरी मुहार लुकाई दिन्छेउ

जिउनलाई एउटा साथी चाहिदो रैछ प्यारी
ढुङ्गा खोज्दा कहिले देउतै पाइदो रैछ प्यारी

मायाले नै यो मनको आँत भरी दिन्छेउ तिमी
बैसालु यि नजरमा मात भरी दिन्छेउ तिमी

बोली सुन्दा लाग्छ मलाई रूखो अनी खरी हो की
लाग्छ फेरी मुहार हेर्दा स्वर्गकी नै परी हौ की

कतै लाज पो लाग्यो कि त शिर झुकाई दिन्छेउ
नदेखेझैं हेरी फेरी मुहार लुकाई दिन्छेउ

पुञ्ज-५

निर्दोषीको माया दोष लाई मैलियर गयो
पराईको माया तिमीलाई फैलियर गयो

भूल हुन्छ मान्छे नै हो फेरी रून पऱ्यो कीन
शिरमा हात भगवान्लाई छुनु पऱ्यो कीन

चितामाथी मेरो शरिर जलिरहँदा तिम्ले
मुस्कुराई अँठ्याईदिनु चलिरहँदा तिम्ले

नसम्झिनु मलाई तिम्ले मुटु झस्कीन सक्छ
नबीझेरै काडाँहरू याहाँ चस्कीदीन सक्छ

बुझाएँ यो तन मन लेखेका ति कुरा हेरी
हुन्न रैछ खुसी हुन देखेको ति कुरा हेरी

निर्दोषीको माया दोष लाई मैलियर गयो
पराईको माया तिमीलाई फैलियर गयो

पुञ्ज-६

बिछोडमा कल्पी कल्पी रोई आएँ हेर
आँसुले आफ्नो मुहार धोई आएँ हेर

शिरमा हात राखी कसम खाए पनी
तर्किरह्यौ दुःखीलाई माया लाए पनि

कोपिला मग्मगाउने फूल भन्न थाल्यौ
जब भेट्यौ महल लौ भूल भन्न थाल्यौ

जून बनी मैले पनी ज्योती दिन सक्थें
माया प्रेम दाँज्ने भए मोती दिन सक्थें

युगौ जिउने शाहष मारे जस्तो लाग्छ
धिक्कार छ आफैसँग हारे जस्तो लाग्छ

बिछोडमा कल्पी कल्पी रोई आएँ हेर
आँसुले आफ्नो मुहार धोई आएँ हेर

पुञ्ज-७

आज नी सुस्तामा सिमा मिचियो रे साथी
चन्द्र सूर्य झण्डा पनि थिचियो रे साथी

गर्ज गर्ज नेपाली हो चुप बस्नु हुन्न
निंस्क उठ जाग सबै भुप्रा पस्नु हुन्न

अतितले सराप्नेछ झुक्नु हुन्न अब
भविष्यले धिकार्नेछ चुक्नु हुन्न अब

जब सम्म चन्द्र सूर्य रैरहन्छ साथी
नेपालीको तातो खुन भैरहन्छ साथी

गन्तब्यमा नगै भारी बिसाउनु हुन्न
हातमा हात मिलाउँ रिसाउनु हुन्न

आज नी सुस्तामा सिमा मिचियो रे साथी
चन्द्र सूर्य झण्डा पनि थिचियो रे साथी

पुञ्ज-८

गणतन्त्र यत्रतत्र नाँच्न पाईएन
सोझा सिधा जनहरू बाँच्न पाइएन

महँगी छ दुईछाक तार्नु कसोगरी
एक मानो पैचो माग्दा हार्नु कसोगरी

खुन गुन ककस्को हो बोल्न सक्नु पर्छ
न्यायालय जनसामु खोल्न सक्नुपर्छ

एउटा पृथक फूल याहाँ फूल्न सके
भौतारिदै हिड्ने मौरी यतै भूल्न सके

गोडा टेक्नेले टाउको टेके जस्तो लाग्छ
भन्नुहोस् जन नयाँ नेपाल कस्तो लाग्छ

गणतन्त्र यत्रतत्र नाँच्न पाईएन
सोझा सिधा जनहरू बाँच्न पाइएन

पुञ्ज-९

वर्ष वित्यो संविधान लेख्ने कहिले होला ?
नेताले कर्तब्यलाई देख्ने कहिले होला ?

रगताम्य धर्ती नै सबै भिजेको छ याहाँ
गणतन्त्र ल्याउन काडाँ बिजेको छ याहाँ

गरिबको पसिनामा बाँच्न पो खोज्छन् नेता
विदेशीको ताली सँगै नाँच्न पो खोज्छन् नेता

यस्तै भए पाईला अघि चाल्नु पर्छ साथी
झुप्रोबाट नै आन्दोलन थाल्नु पर्छ साथी

गाउँ बस्तीमा झुपडीका गीत गाए हुन्थ्यो
साच्चिनैको गणतन्त्र नेपाल आए हुन्थ्यो

वर्ष वित्यो संविधान लेख्ने कहिले होला ?
नेताले कर्तब्यलाई देख्ने कहिले होला ?

लेखक परिचय



दिपेश एकल (आचार्य)

नाम	:	दिपेश एकल (आचार्य)
जन्म	:	वि.सं. २०४५ भाद्र २९
पिताको नाम	:	जगन्नाथ आचार्य
माताको नाम	:	नेत्रकुमारी आचार्य
ठेगाना	:	शिखरपुर-७, सि.पा.
शिक्षा	:	बि.एड. प्रथम बर्ष
प्रकाशित कृति	:	विभिन्न पत्रपत्रिकामा विभिन्न लेखरचनाहरू तारापुञ्ज संयुक्त फाँचल सङ्ग्रह (तपाईको हातमा.)
संलग्नता	:	अविरल रेडियो श्रोता क्लव (सक्रिय सदस्य) २०६०
	:	टोलसुधार युवा क्लव सिखरपुर (अध्यक्ष) २०६३
	:	सिन्धु सङ्गम साहित्य समाज (सचिव) २०६४
	:	नयाँ पोष्ट साप्ताहिक (संवाददाता) २०६२
	:	सिन्धुदर्पण साहित्यिक मासिकको सम्पादन सहयोगी, २०६४
	:	फाँचलमण्डली (सक्रिय सदस्य, २०६५)

दुई शब्द

नेपाली साहित्यले निकै फट्को मारिसक्दा म चाहि गन्तब्यहिन प्यासी झैं भौतारिरहेको थिएँ । मनमा भावनाका संवेगहरू बोकेर , त्यतिखेर तिर्खाएको वटुवाले पानी भेटेझैं मेरो आदरणीय दाजु जितेन्द्र 'रसिक' र दिपेन्द्र श्रेष्ठ सँग भेट भयो । साहित्यको प्यासिहरूको तिर्खा मेट्ने र अङ्कुराउन खोजेका साहित्यिक कोपिलाहरू फुलाउन उहाँहरू साहित्यिक पत्रिका प्रकाशन गर्न कम्मर कसेर लागिपरेको थाहा पाएँ । रहर भएर पनि पर्याप्त ज्ञानको अभावमा म छट्पटाई रहेको बेला उहाँहरू सँग भेट भयो । साच्चै मलाई ढुङ्गा खोज्दा देउता मिल्यो । उहाँहरूले विभिन्न विधा गीत, गजल, हाइकु, कविता, फाँचल लगायतका धेरै विधा बाट प्रशिक्षित गराउनु भयो । आज उहाँहरूकै हौसलाले गीत, गजल, फाँचल, कविता, हाइकु गरी जम्मा जम्मी सय भन्दा माथीको हारहारीमा सृजना गरेको छु । फलस्वरूप आज संयुक्त ऐतिहासिक फाँचल सङ्ग्रह तारा पुञ्जमा समाहित हुन पाएकोमा गौरवान्दित ठान्दछु ।

सुर्यको मुखन्जेल बत्ति झै मेरा रचनाहरू फिक्का सावित होलान् तर पनि यो फाँचल अभियानमा सरिक भै आफ्नै भुमीबाट सृजित साहित्यको एउटा नयाँ बिधामा आफुले पनि कलम चलाउने सौभाग्य पाएकोमा हर्षित छु । त्रुटि र कमजोर औल्याइदिने जिम्मा भने पाठक र स्रस्टाहरूकै ।

अन्तमा मलाई साहित्यमा वामे सर्न सिकाउने दाजुहरू, जितेन्द्र रसिक, दिपेन्द्र उदास र मेरा रचनाहरू प्रकाशन गरेर सहयोग पुऱ्याउने जिल्लाका पत्रपत्रिकाहरू लगायत फाँचल विधाका शुभेच्छुक स्रस्ताहरू प्रति हार्दिक आभारका साथै यस धर्तिमा उभ्याई संसार देखाउने पुजनिय पिता माता जगन्नाथ आचार्य, नेत्रकुमारी आचार्य, दाजु दीपकलगायत सम्पुर्ण आफन्तजन र पाठकहरूमा यो कृति हार्दिक समर्पण गर्दछु ।

दिपेश एकल(आचार्य)
शिखरपुर-८, बगुवा

पुञ्ज-१

विश्व सारा जग्मगाई लेखिरहुन फाँचल अब
इतिहाँस डग्मगाई लेखिरहुन फाँचल अब

सिन्धुवाट उदयमान नव विधा फाँचल फूल
श्रेय गुठि सुत्रपातको गौरव यो आँचल फूल

खोज हो यो साहित्यमा जितेन्द्रको यौता योगदान
रोपेका छन् यो फाँचल देउ वर द्यौता योगदान

सप्ता मर्छन योगदान यो कहिले पनि मर्ने छैन
फुलाउँ फूल मल हालेर सुकी भुँई झर्ने छैन

विश्व सारा जग्मगाई लेखिरहनु फाँचल अब
इतिहाँस डग्मगाई लेखिरहनु फाँचल अब

पुञ्ज-२

बाचुञ्जेल गर्छौ तेरो मेरो के लान्छौ र मरे पछि
खाली आयौ खाली जानु छ जीवन खोली तरे पछि

दुई दिनको यो जिन्दगीमा लोभ इर्ष्या नगर्नु है
संघर्ष हो जिन्दगानी ओराली कहिल्यै नभर्नु है

दिन र रात वर्ष महिना गन्दै वित्छ जिन्दगानी
निरन्तर यात्रा गर्नु एकदिन जित्छ जिन्दगानी

जिन्दगी यो फूल हो फूल जस्तै फुलाउँ ढक्कमक्क
राष्ट्र प्रति समर्पित सगर चुलाउँ ढक्कमक्क

बाचुञ्जेल गर्छौ तेरो मेरो के लान्छौ र मरे पछि
खाली आयौ खाली जानु छ जीवन खोली तरे पछि

पुञ्ज-३

जिन्दगीमा फेरी नयाँ बहार आए हुन्थ्यो
चाहिँदैन उपहार तिम्लाई पाए हुन्थ्यो

जहाँ फुलोस तिमी हामी बिच मिठो मायाँ
नअस्ताओस जुनघाम सरि छिटो मायाँ

जुनी जुनी तिमीलाई साथमा राख्छु प्रिया
फूल सरि झरे पनि माथमा राख्छु प्रिया

नचुकोस् नझुकोस् यो चोखो मायाँ हाम्रो
वरपिपलको जस्तै सितल छायाँ हाम्रो

गयौ भने तिमी टाढा आत्मा जलाई दिन्छु
तिम्रै सामु छाती खोली छुरा चलाई दिन्छु

जन्दगीमा फेरी नयाँ बहार आए हुन्थ्यो
चाहिँदैन उपहार तिम्लाई पाए हुन्थ्यो

पुञ्ज-४

चोखो प्रितको उपहार सिन्दुर साटि पराई सँग
बाचा कसम भुलिगयौ मलाई ढाँटि पराई सँग

मायाँ प्रेमको भुमरीमा पागल सरि गलाई छाड्यौ
राख्छु भन्थ्यो दिलमा सजाई मनमेरो जलाई छाड्यौ

कुन जुनिको वदला लियो जातजनायो वैगुनीले
हृदयमा छुरा चलाई घायल बनायो वैगुनीले

पराई सँग रमाउनु मै रूझाउँछु नयनहरू
तिम्रो पिडा मलाई दियौ मै भिजाउँछु नयनहरू

चोखो प्रितको उपहार सिन्दुर साटि पराईसँग
बाचा कसम भुलिगयौ मलाई ढाँटि पराईसँग

पुञ्ज-५

गणतान्त्रिक नेपालमा चढाउँकी सलाम हजुर
विकृतिका विरूद्धमा चलाउँछु म कलम हजुर

फेरियो रे देशको मुहार सुख पाइन्छ भन्थे सबै
नयाँ नेपाल नयाँ संविधान नयाँ दिन गन्थे सबै

उस्तै छ यहाँ चालामाला जमाना छ उस्तै फेरिएन
जनताको विवस्तालाई कोहि फर्केरनि हेरिएन

नेताहरू हो अब फेरि घर दैलो आउने भए
योगदान लौ केहि त गर फेरी जीत पाउने भए

महल ठड्याई शहरमा गाउँवेंशी लौ भुल्यौ अरे
ढुकुटिको धन रित्याई दुर्गन्ध फूल झै फूल्यौ अरे

गणतान्त्रिक नेपालमा चढाउँकी सलाम हजुर
विकृतिका विरूद्धमा चलाउँछु म कलम हजुर

पुञ्ज-६

कति गर्छौ खिचातानी अब केहि सोच्ने गर
ठुलो हैन पद मात्रै जन हित रोज्ने गर

गँभिर भै सोचौ बदलिनेछ हाम्रो नेपाल
एकतामा सबै उने बन्छ है राम्रो नेपाल

श्राप लाग्ला नारीको सिन्दुर फेरी धुनु परे
पाप लाग्छ नेपाल आमाले फेरी रूनु परे

कति चढे देशमा बलि वेपत्ता भा छन् कोहि
छोरा फर्कि नआउँदा बस्छिन् सधै आमा रोई

कति गर्छौ खिचातानी अब केहि सोच्ने गर
ठुलो हैन पद मात्रै जन हित रोज्ने गर

पुञ्ज-७

उठ जाग नेपाली जन पछि हट्न हुन्न अब
राष्ट्र र राष्ट्रियता लाई एकतामा उन्न अब

हिमाल तराई पहाड विउँटिरहुन सधै
हाम्रा सामु दुष्मण सारा निहुरिरहुन सधै

एकताको शक्ति हाम्रो कहिले चुक्नदिनु हुन्न
चन्द्र सूर्य ध्वजा हाम्रो कहिले झुक्न दिनु हुन्न

अनेक जाती अनेक भाषी एकतामा बाँचेको छ
सुन्दर यो देश हेरी सगरमाथा हाँसेको छ

उठ जाग नेपाली जन पछि हट्न हुन्न अब
राष्ट्र र राष्ट्रियता लाई एकतामा उन्न अब

तारापुञ्ज

फाँचलसङ्ग्रह

फाँचलकारहरु:

जीतेन्द्र श्रेष्ठ "रसिक"



दीपेन्द्र श्रेष्ठ "उदास"



फइन्द्र तामाङ "अखिल"

बद्रिबहादुर तामाङ "संगम"

तारापुञ्ज

फाँचलसङ्ग्रह

फाँचलकारहरु:

यदुनाथ "वसन्तपुरे"

थरेन्द्र मिश्र "दुःखी"

दीपेश "एकल" आचार्य